जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com






वर्ष २६ • अंक १४१ • २०८१ साल आश्विन २१ गते सोमबार (7 October, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## गृह सञ्चार मन्त्रालय कमिसनमा केन्द्रित

**टुडे समाचारदाता**

जनकपुरधाम । वर्षा र बाढीबाट प्रभावित मधेश प्रदेशका वासिन्दाहरुलाई गृह, सञ्चार तथा कानुन मन्त्रालयले राहत वितरण गर्नुको साटो कमिसनका लागि गोष्ठी र छलफललाई प्राथमिकता दिएको छ ।

> गृह मन्त्रालयले असोज महिनामा मात्र तीनवटा भन्दा बढी अन्तरक्रिया र गोष्ठी गरिसकेका छन् । तर वर्षा र बाढी प्रभावितलाई एक सुको राहत उपलब्ध गराएको छैन ।

नेकपा एमालेबाट गृह मन्त्रालयको जिम्मेवारी पाएका राजकुमार लेखीले दैवी प्रकोप उद्धार शीर्षकमा रहेका ८ करोड रुपैयाँ वर्षा र बाढी पीडितलाई उपलब्ध गराएका छैनन् ।

जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत सोझै पीडितलाई राहत उपलब्ध गराउने प्रावधान रहे पनि मन्त्री लेखीले कमिसनका लागि सो रकम रोकेको बताइन्छ। प्रदेश सरकारले बनाएको कार्यविधिलाई परिवर्तन गरी आफैले राहत सामग्री खरिद गरी वितरण गर्ने बताउँदै आएका मन्त्री लेखीको त्यसका लागि यो वर्ष सम्भव हुने देखिदैन । वर्षा र बाढी प्रभावितहरुलाई मधेश प्रदेश सरकारले हालसम्म राहत उपलब्ध गराएको छैन ।

तर गृह मन्त्री र मन्त्रालयका सचिव समेतले बढी भत्ता पाउन अन्तर जिल्लामा दुई घण्टाको बैठक गर्न थालेका छन् ।

गृह मन्त्रालयले असोज महिनामा मात्र तीनवटा भन्दा बढी अन्तरक्रिया र गोष्ठी गरिसकेका छन्। तर वर्षा र बाढी प्रभावितलाई एक सुको राहत उपलब्ध गराएको छैन । प्रदेश मातहत प्रहरी र प्रशासन नरहेकाले दैवी प्रकोप उद्धार कोषको रकम आफैले खर्च गर्ने तर्क दिइरहेका छन् ।

नीति आयोगमा सदस्य रहेको बखत पनि लेखीले अनियमित ढंगबाट रकम लिएको आरोप लागेको थियो। नीति आयोगमा उनी लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालबाट सदस्य बनेका थिए।

### सुन तस्करीको हव जनकपुरधाम

# भारतमा सुनको मूल्य घट्दा नेपालमा तस्करी बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालबाट भारतमा सुन तस्करी हुने क्रम बन्द भएको छ। भारतमा सुनको भाउ सस्तिएपछि नेपालमा भारी परिमाणमा सुन तस्करी हुन थालेको छ।

वर्षौंदेखि सुनचाँदी तस्करीको हव जनकपुरधाम रहँदै आएको छ । तर अधिकांश समय नेपालबाट नै भारतमा सुन तस्करी भएर जाने गरेको थियो ।

भारत सरकारले सुनमा लाग्ने भन्सार लगायतका करमा छुट दिएपछि अहिले उल्टो भारतबाट नै नेपालमा सुन तस्करी भएर आउन थालेको छ ।



भारतमा २४ कैरेट सुनको आइतबारको दर अनुसार प्रति तोला १ लाख ५८ हजार २ सय ८० रुपैयाँ नेपाली रहेको छ। नेपालमा काठमाण्डुको बजारमा सुनको मूल्य प्रति तोला १ लाख ६० हजार ९ सय ९८ रुपैयाँमा कारोबार भएको हो। यो खुद्रा मूल्य हो।

जनकपुरधामबाट नेपाल र भारतमा सुन तस्करी हुने गरेको लामो समयदेखि नै हो । नेपालबाट भारतमा सुन तस्करी हुने बेला चीनबाट भारी परिमाणमा सुन तस्करी भएर नेपाल हुँदै भारत जाने गरेको थियो। त्यस बखत पनि जनकपुरधाम सुन तस्करीको हव नै थियो। जनकपुरधामको मार्गबाट हुने सुन तस्करी सर्वाधिक सुरक्षित मानिन्छ।

शनिबार हेटौंडा प्रहरीले बरामद गरेको सुन जनकपुरधामको मार्गबाट नै पुगेको थियो। भारतबाट सुन तस्करी गरी जनकपुरधाममा सुरक्षित गर्ने र अनुकूल समयमा गन्तव्यसम्म पुऱ्याउने गरेको एक जना सुरक्षाकर्मीले बताए । चिनियाँ सुन भारत पठाउँदा पनि जनकपुरधाममा कहिले पनि प्रहरीले फेला पार्न सकेनन्। अहिले भारतबाट आउँदा पनि प्रहरीले सुन देख्दैनन्। १ बोरा चिनी, दुई बोरा चामल, १ बोरा दाल बरामद गर्ने प्रहरीले साढे ११ करोड बढी मूल्यको सुन हेटौंडा पुग्दा सुइको समेत पाएनन्।

मधेश प्रदेशका धनुषाबाट सुन तस्करी अत्यधिक हुने गरेको सुरक्षा अधिकारीहरुको स्वीकारोक्ति छ । सप्तरी, सिरहा, रौतहट र बाराबाट हरेक प्रकारको सामग्री तस्करी हुने गरेको बताइन्छ । महोत्तरी र सर्लाही जिल्लाबाट लागूऔषध गाँजाको तस्करी सर्वाधिक हुने गरेको छ। तस्करी र हुण्डीका लागि पर्सा जिल्ला मधेश प्रदेशमा सबैभन्दा माथि छ।

हेटौंडामा हप्ता दिन भित्रै १४ करोडको हाराहारीमा सुन बरामद भएको छ । हेटौंडा प्रहरीले बरामद गरेको सुन जनकपुरधाम र वीरगञ्जको बाटो भएर गएको थियो । प्रहरी स्रोतका अनुसार जनकपुरधामबाट अत्यन्त सुरक्षित रुपमा सुन देशको विभिन्न भागमा पुऱ्याइने गरिएको छ। तर जनकपुरधामपछिको हव हेटौंडा नै रहेको बताइन्छ।

सुनचाँदीको कारोबार गर्ने केही व्यवसायीहरुको अस्वभाविक प्रगतिको कारण निरन्तर सुन तस्करी रहेको बताइन्छ। सुनचाँदी बजारमा पसल सञ्चालन गरेको देखिए पनि केही व्यवसायी मुख्यरुपमा तस्करीमा संलग्न रहेको स्रोतहरुले जनाएका छन्।

बाढी र पहिरोका कारण देशैभरिको राजमार्ग क्षतिग्रस्त रहेको बेला पनि सुन तस्करहरुले तस्करीको परिमाणलाई बढाएका छन् । १ किलो सुनमा ५ लाख रुपैयाँसम्मको मुनाफा हुने भएकाले तस्कर हरुको सक्रियता बढेको छ।

दशैं तिहारको बेला पहाडी जिल्लाको सहरहरुमा सुनको विक्री अत्यधिक हुने गरेको बताइन्छ । दशैंको मौकाछोपी तस्करहरुले भारतबाट भारी परिमाणमा सुन नेपाल ल्याउने गरेका छन् ।

भारतबाट सुन नेपाल आउन थालेसँगै भारतीय मुद्राको सीमावर्ती क्षेत्रमा भाउ बढेको छ । नेपालबाट भारतमा सुन तस्करी भएर जाँदा भारतीय मुद्राको भाउ खसेको थियो । व्यवसायीहरुका अनुसार सुन तस्करीले सीमा क्षेत्रमा मुद्राको दर निर्धारण हुने गरेको छ।

थोकमा प्रति तोला ६ हजार रुपैयाँको फरक रहेको व्यवसायीहरु बताउँछन्। भारतको भन्दा नेपालमा सुनको मूल्य प्रति तोला ६ हजार रुपैयाँसम्मको हाराहारीमा भारतको भन्दा बढेको व्यवसायीहरुले जनाएका छन् । भारतमा सुन सस्तिएपछि नेपालमा आउने भारतीय ग्राहकहरु रोकिएको उनीहरु बताउँछन् । नेपालमा सुन सस्तो भएको बखत भारतीय सीमावर्ती क्षेत्रका वासिन्दाहरु नेपाली बजारमा सुन किन्न आउने गर्थे।

सस्तो र गुणस्तरको ग्यारेन्टी हुने भएकाले भारतीयहरु नेपाली बजारमा सुन खरिद गर्थे। तर अहिले भारतीय बजारमा नै सुन सस्तो र गुणस्तरको ग्यारेन्टीका साथ विक्री हुन थालेपछि ग्राहकहरु आउन छाडेको उनीहरुको कथन छ।







## एनपिएल अक्सनः

# अनिल जनकपुरमा अनुबन्ध



काठमाण्डु । पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको अक्सनमा विकेट किपर एवं ब्याटर अनिलकुमार साहलाई रु १५ लाखमा जनकपुर बोल्ट्सले पाएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा आइतबार आयोजित अक्सनमा अनिलले न्यूनतम रु १० लाख राखेका थिए । उहाँलाई किन्न अक्सनमा सबै आठ टोलीले प्रतिस्पर्धा गरेका थिए । जसमा अनिललाई 'लक्की ड्र'मार्फत जनकपुरले पाएको हो ।आठ टोलीले नै मूल्य लगाउने अनिल एक्लो खेलाडी हुनुहुन्छ । जनकपुरमा आसिफ शेख मार्की खेलाडीका रूपमा रहेका छन् । यसैगरी, बायाँ हाते स्पिनर सागर ढकाल रु १५ लाखमा पोखरा एभेन्जर्समा अनुबन्ध हुनुभएको छ। 'ग्रेड ए' मा नाम राखेका उहाँलाई किन्न चितवन, सुदूरपश्चिम, पोखरा र कर्णालीले प्रतिस्पर्धा गरेका थिए । जसमा 'लक्की ड्र' मार्फत पोखराले पाएको हो ।

तीव्र गतिका बलर प्रतिश जिसीलाई रु १५ लाखमा विराटनगरले अनुबन्ध गरेको छ। 'ग्रेड ए' मा रहेका उहाँलाई अक्सनमा काठमाडौं, सुदूरपश्चिम र विराटनगरबीच प्रतिस्पर्धा भएको थियो । उहाँलाई लक्की ड्रमार्फत विराटनगरले पाएको हो । त्यस्तै, लोकेश बमलाई विराटनगरले रु १५ लाखमा अनुबन्ध गरेको छ। विस्फोटक ब्याटरका रुपमा परिचित उहाँलाई किन्न जनकपुरबाहेक सुदूरपश्चिम, काठमाडौं, लुम्बिनी, विराटनगर, पोखरा, चितवन र कर्णालीले प्रतिस्पर्धा गरेका थिए।

मध्यक्रमका ब्याटर आरिफ शेख सुदूरपश्चिम रोयल्समा अनुबन्ध हुनुभएको छ । उहाँलाई १५ लाखमा सुदूरपश्चिमले किनेको हो । आरिफले न्यूनतम मूल्य रु १० लाख राख्नुभएको थियो । अक्सनमा उहाँलाई अनुबन्ध गर्न कर्णाली, सुदूरपश्चिम र काठमाडौंबीच प्रतिस्पर्धा भएको थियो। तीन टोलीबीचको प्रतिस्पर्धामा उच्चतम मूल्य १५ लाखमा सुदूरपश्चिमले अनुबन्ध गरेका हो।

यसैगरी, रिजन ढकाल रु १० लाखमा चितवन राइनोजमा आबद्ध हुनुभएको छ। ए ग्रेडमा रहेका उहाँले न्यूनतम रु १० लाख पाउनुभएको छ । त्यस्तै, अलराउन्डर दीपेश कँडेललाई काठमाडौंले रु पाँच लाख तिरेर अनुबन्ध गरेको छ। अक्समा कँडेलले न्यूनतम मूल्य पाँच लाख राख्नुभएको थियो । यसैगरी, अलराउन्डर नारायण जोशी रु १० लाखमा पोखरा एभेन्जर्समा अनुबन्ध हुनुभएको छ।

युवा ब्याटर ऋत गौतम रु पाँच लाखमा नै बिक्री हुनुभएको छ । न्यूनतम मूल्य पाँच लाख राखेका उहाँलाई कर्णालीले मात्रै मूल्य लगाएको थियो । आगामी नोभेम्बर ३० देखि डिसेम्बर २१ तारिखसम्म कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने उक्त प्रतियोगताको अक्सनमा करिब डेढ सयभन्दा बढी खेलाडी सहभागी रहेको क्यानले जनाएको छ।

अक्सन चलिरहेको छ । अक्सनको ग्रेड 'ए' न्यूनतम रु १० लाख र उच्चतम रु १५ लाख राखिएको छभने ग्रेड 'बी'मा न्यूनतम पाँच लाख र उच्चतम १० लाख छ । त्यस्तै, ग्रेड 'सी'मा न्यूनतम दुई र उच्चतम रु पाँच लाख तोकिएको छ ।रासस

# नेपाल र बङ्गलादेशबीच भएको विद्युत् बिक्री सम्झौताको इप्पानद्वारा स्वागत




काठमाण्डु । नेपाल र बङ्गलादेशबीच भएको विद्युत विक्री सम्झौता (पिएसए) को स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले स्वागत गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ र बङ्गलादेशको अन्तरिम सरकारका जलस्रोत मन्त्री सैयदा रिजवाना हसनको उपस्थितीमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन)का प्रमुख कार्यकारी अधिकृत रेनु नारङ र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) का अध्यक्ष मोहमद रिजाउल करिमबीच भएको यो सम्झौतालाई ऐतिहासिक सम्झौताको रुपमा इप्पानले टिप्पणी गरेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले सम्झौतासँगै अब नेपाल विद्युत् प्राधिकरणले रोकिराखेको विद्युत् खरिद सम्झौता (पिपिए) पूर्ण रुपमा खुल्ला गर्नुपर्ने बताउनुभयो। निजी क्षेत्रलाई विद्युत् निर्यातका लागि अनुमतिपत्र दिने, बैक तथा वित्तीय संस्थाले ऊर्जामा लगानी बढाउने, सरकारले ऊर्जा उत्पादनका लागि थप सहुलियत घोषणा गर्ने तथा ऊर्जा आयोजना निर्माणका लागि हाल देखिएका नीतिगत, प्रशासनिक तथा प्रक्रियागत समस्याको समाधानका लागि सरकार तत्पर हुनुपर्ने उहाँको भनाइ छ।

भारत र बङ्गलादेशमा लक्ष्य अनुसारको निर्यातका लागि तत्काल नीतिगत र प्रक्रियागत सुधारका लागि पनि सरकारसँग इप्पानले आग्रह गरेको छ। सन् १९७१ देखि नेपाल र भारतबीच विद्युत् आदानप्रदान भएकोमा सन् २०१४ मा दुई देशबीच विद्युत् व्यापार सम्झौता (पीटीए) भई अल्पकालीन रुपमा विद्युत् व्यापार हुँदै आएकोमा २०८० साल पुस १९ गते भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालिन सम्झौता भइसकेको छ।

"बङ्गलादेशसँग भएको यो सम्झौताले नेपालको बिजुलीको बजार बङ्गलादेशलाई खुलेको मात्र छैन, दुई देशबीच सरकार-सरकारसँगसँगै निजी-निजी क्षेत्रबीचमा ऊर्जा विकास र विस्तारका लागि सहकार्य, साझेदारी र लगानी आदानप्रदानका लागि बाटो खुलेको छ", अध्यक्ष कार्कीले भन्नुभयो ।बङ्गलादेश सरकारले सन् २०३९ भित्र नेपालबाट नौ हजार मेगावाट आयात गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारले सन् २०३५ सम्म १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखेकामा पाँच हजार मेगावाट बङ्गलादेश निर्यात गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र सधै तयार रहेको पनि उहाँले जानकारी दिनुभयो।

नेपाल बङ्गलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) को छैटौ बैठकले नेपालको जलविद्युत् क्षेत्रमा लगानीको प्रवर्द्धन गर्नका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलनको आयोजना गरी सम्भावनाको खोजी गर्ने सहमतिले दुई देशका निजी क्षेत्रबीचमा सहकार्य अगाडि बढाउन सहज भएको इप्पानले जनाएको छ।

दुई देशबीच भएको सहमति कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र तयार रहेको जानकारी दिँदै यसका लागि दुवै देशका निजी क्षेत्रबीचमा आवश्यक संयन्त्र निर्माण गरी अघि बढ्न ठोस वातावरण निर्माण गर्न इप्पानले माग गरको छ ।रासस

# प्रसूति गृहमा मनोस्वास्थ्य ओपिडी र 'न्यु बर्न स्क्रिनिङ' सेवा सुरु

काठमाण्डु । परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा दुई नयाँ सेवा सुरु भएको छ।

अस्पतालले गर्भवती तथा सुत्केरीका लागि मानसिक स्वास्थ्य सेवाको ओपिडी र नवजात शिशुमा वंशाणुगत रोग पत्ता लगाउन 'न्यु बर्न स्क्रिनिङ' सेवा सुरु गरेको हो ।आइतबारबाट सुरु भएको सेवाको शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले अनिवार्य रुपमा दिनुपर्ने दुई सेवा अस्पतालले सुरुवात गर्नु राम्रो पक्ष रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मनोस्वास्थ्य ओपिडीले गर्भवती तथा महिलालाई सहयोग पुऱ्याउनेछ । नवजात शिशुहरुको परीक्षण सेवा पनि अत्यावश्यक सेवा हो।", मन्त्री पौडेलले यी सेवा व्यवस्थापनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापनमा कमी हुन नदिने आश्वस्त पार्नुभयो ।अस्पतालका निर्देशक डा निर्देशक श्रीप्रसाद अधिकारीले गर्भधारण गरेका वा सुत्केरीमा समस्याको जोखिम बढी भएकाले मनोस्वास्थ्य



ओपिडि सेवा सुरु गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "गर्भवती तथा सुत्केरी अवस्थामा हुने मानसिक स्वास्थ्य समस्याहरुले महिलाको मात्रै नभएर बच्चाको समेत शारीरिक, मानसिक र भावनात्मक वृद्धि विकासमा नकरात्मक असर पर्छ । यस्तो अवस्थामा देखिने समस्यालाई समयमै पहिचान गर्न सकिएमा समाधान गर्न सकिन्छ।"डा अधिकारीले नवजात शिशुमा हुनसक्ने 'मेटाबोलिक डिसअर्डर' पहिचान गरी समयमै उपचार गर्न र नवजात शिशुको मृत्युदर घटाउनका लागि सेवा सुरु गरिएको बताउनुभयो। अस्पतालले गत साउनदेखि हालसम्म २०५ जना शिशुहरुमा यो परीक्षण गरिसकेको छ।

नवजात शिशु जन्मेको केही दिनभित्र गरिने 'ब्लड स्पट टेस्ट'लाई 'न्यु बर्न स्क्रिनिङ टेस्ट' भनिन्छ। उक्त जाँचबाट नवजात शिशुमा हुनसक्ने विभिन्न प्रकारका वंशाणुगत समस्या पत्ता लगाउन सकिन्छ। उक्त परीक्षणबाट हाल छ वटा वंशाणुगत रोगहरु पहिचान गर्न सकिने र भविष्यमा थप साधन स्रोत थपेर अरु रोगका लागि पनि सेवा सञ्चालन गर्ने लक्ष्य छ। परीक्षणमा पोजिटिभ आएका शिशुका लागि तुरुन्त आवश्यक उपचार सुरु गरिनेछ ।रासस

# तत्काल लाभग्राहीहरुको विवरण पठाउन गृहमन्त्रीको निर्देशन

पाटन । गृहमन्त्री रमेश लेखकले तत्काल लाभग्राहीहरुको विवरण पठाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई निर्देशन दिनुभएको छ।

आइतबार ललितपुरको गोदावरीमा बाढी र पहिरो प्रभावित क्षेत्रको निरीक्षणपश्चात् जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई लाभग्राहीहरुको विवरण पठाउन निर्देशन दिँदै उहाँले क्षतिको मूल्याङ्कन गरेर तीन दिनभित्र राहत उपलब्ध गराउने सरकारको योजना रहेको जानकारी दिनुभयो।

"सरकारले यो समस्यालाई गम्भीर रुपमा लिएको छ, सकेसम्म छिटो उद्धार, राहतसामग्री वितरण गरी नागरिकको जीवन सहज बनाउने हाम्रो दायित्व हो, खोजी तथा उद्धारको काम भइरहेको छ। बाढीपहिरो प्रकोपले देशका विभिन्न क्षेत्रमा जनधनको क्षति भएको छ", गृहमन्त्री लेखकले, "क्षतिको यकिन विवरण सङ्कलनको काम पनि भइरहेकाले यसमा सबै संवेदनशील भएर काम गर्नु आवश्यक छ", उहाँले भन्नुभयो। उहाँले पीडित घाइतेको



निःशुल्क उपचार भइरहेको जनाउँदै सोको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने बताउनुभयो।

गृहमन्त्री लेखकले आइतबार बिहान सुरक्षा समितिसँगको बैठकमा राहत उद्धार तथा भौतिक क्षतिका बारेमा जानकारी लिनुभएको थियो। यसैक्रममा उहाँले पहिरोले क्षति पुऱ्याएको लेलेको आनन्दवन अस्पताल क्षेत्रको पनि निरीक्षण गर्नुभयो । अस्पताल परिसरमा गएको पहिरोमा परी ३२ वर्षदेखि अस्पतालको रिसर्च टेक्निकल अफिसरमा कार्यरत विवेक सिंहको मृत्यु भएको थियो।

ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले हालसम्म ३९ जना मृतकका परिवारलाई रु दुई लाखका दरले घरमै पुगेर रकम प्रदान गरिएको जानकारी गृहमन्त्री लेखकलाई गराउनुभएको थियो।

उहाँले बाँकी मृतकका परिवारलाई रकम उपलब्ध गराउने विषयमा समन्वय भइरहेकाले तत्काल उपलब्ध गराइँने जानकारी गराउनुभयो ।निरीक्षणका क्रममा बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन, प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयाल, गोदावरी नगरप्रमुख गजेन्द्र महर्जन, स्थानीय वडाध्यक्षलगायत प्रहरी प्रमुखसहितका अधिकारीहरु सहभागी हुनुहुन्थ्यो ।रासस

# फ्रिडम फिटनेस सेन्टर संचालन

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा अत्याधुनिक सुविधायुक्त फ्रिडम फिटनेस सेन्टर सञ्चालनमा आएको छ।

जनकपुरधामस्थित रामानन्द चोकमा रहेको बागवानी अगाडि अत्याधुनिक सुविधायुक्त फ्रिडम फिटनेस सेन्टर सञ्चालनमा आएको छ।

सो फिटनेस सेन्टरका संचालक अमित सिंहले सबै प्रकारका स्वास्थ्य तथा शारीरिक अभ्यासका सेवाहरू पनि प्रदान गर्ने आफू तत्पर रहेको जानकारी दिए।

सो सेन्टरमा अत्याधुनिक उपकरणहरू, योग, तौल घटाउने कार्यक्रमहरू, व्यक्तिगत प्रशिक्षकहरूको सहयोग, र अन्य फिटनेस सुविधाहरू उपलब्ध रहेको उनले बताए । उनले सेवाग्राहीको माग अनुसार थप सामग्रीहरु ल्याइने बताए।




## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वर्षापछि कोशी नदीमा आएको बाढीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं १, भारदहस्थित कोशी पलारमा किसानले गरेको केरा खेतीमा भएको क्षति । करिब ५०० बिगाहामा लगाएको केराखेती बाढीले सबै नष्ट गरेको किसान बताउँछन् । *तस्बिरः रासस*

# बाढीमा परी मृत्यु भएकाका परिवारलाई राहत रकम प्रदान

बरहथवा । बाढी तथा डुबानमा परेर ज्यान गुमाएका सर्लाहीको बलरा नगरपालिकाका दुई परिवारलाई राहत रकम हस्तान्तरण गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक समेत रहनुभएका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले राहत रकम पीडित परिवारलाई हस्तान्तरण गर्नु भएको हो । प्रजिअ अधिकारीले मृत्यु भएका दुई परिवारलाई जनही दुई लाख बराबरको चेक हस्तान्तरण गरिएको जानकारी दिनुभयो । गत असोज १२ गते बागमती नदीमा आएको बाढी बाँध फुटाएर गाउँ पस्दा जिल्लाको दक्षिण पश्चिम बलरा नगरपालिका-३, लक्ष्मीपुरका १३ वर्षीय अङ्कित ठाकुर र वडा नम्बर-१, हथियौलका २७ वर्षीय पवन गिरीको मृत्यु भएको थियो ।

उहाँहरु दुवै जनाको शव खोजीको क्रममा तेस्रो र चौथो दिन



फेला परेको थियो । दुवै जनाका परिवारलाई घरमै पुगेर राहत स्वरुप सङ्घीय सरकारले निर्णय गरेको रकम प्रदान गरिएको हो ।त्यसैगरी पालिकाका दुई पीडित परिवारलाई बलरा नगरपालिकाले पनि जनही एक/एक लाख राहत रकम प्रदान गर्ने निर्णय गरेको बलरा नगरपालिका प्रमुख रामाशङ्कर प्रसाद कुशवाहाले जानकारी दिनुभयो । विपन्न पीडित परिवारलाई सोही राहत रकमबाट मिलान गर्ने गरी तत्काललाई काजकिरियाको लागि शुक्रबार मात्र जनही रु २५ हजार रकम उपलब्ध गराएको उहाँको भनाइ थियो ।

यस्तै अविरल वर्षापछि सोती खोलामा आएको बाढीले बगाएर सर्लाहीको बागमती नगरपालिका-९, सक्रौल टोलका १४ वर्षीय मुकेश महतोको पनि मृत्यु भएको थियो । महतो परिवारलाई पनि राहत स्वरुप रु दुई लाख प्रदान गर्ने तयारी भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिनुभयो ।रासस

# वस्तुनिष्ठ पूर्वतयारीका लागि साधन र स्रोत सम्पन्न हुनुपर्नेमा जोड

काठमाण्डु । यही असोज ११ र १२ गते अविरल वर्षापछिको बाढी र पहिरोका कारण ठूलो जनधनको क्षति भयो । विपद्का कारण नागरिकको दैनिक जीवन लथालिङ्ग हुनपुगेको छ ।

विपद्को चुनौतीलाई सामना गर्ने सवालमा साझा मत निर्माण गर्ने र सुरक्षित जीवनका लागि के-कस्ता उपायको खोजी गर्ने भन्नेबारेमा शनिबार नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानले आयोजना गरेको 'नेपालमा विपद्ः चुनौती र सम्बोधन' विषयक संवाद शृङ्खलामा सहभागीले विपद्बाट जोगिन वस्तुनिष्ठ रूपमा पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले जलवायु परिवर्तनका कारण उत्पन्न सङ्कट र विपद् न्यूनीकरणमा राज्य तथा समुदायको सक्रिय भूमिका, वित्तीय स्रोतहरूको उपलब्धता र स्थानीय ज्ञानको उपयोगलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । उहाँले पूर्वतयारीमा सार्वजनिक लगानी, समन्यायिक भूउपयोग योजना पनि उत्तिकै आवश्यक रहेको उल्लेख गर्नुभयो ।

यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल



पोखरेलले पूर्वतयारीका लागि यथेष्ट बजेट र साधनस्रोतको प्रबन्ध गर्नु पहिलो शर्त भएको बताउनुभयो । राष्ट्रियस्तरको पूर्वतयारीका लागि पनि कम्तीमा रु २० अर्ब बराबरको बजेट आवश्यक पर्ने उल्लेख गर्दै उहाँले निश्चित सीमाभित्र रहेर काम गर्नुपर्दा कठिनाइ हुने गरेको बताउनुभयो ।

उहाँले प्राधिकरणलाई साधन र स्रोत सम्पन्न बनाउने होभने बढ्दो विपद्बाट नागरिकलाई जोगाउन सकिने धारणा राख्नुभयो । कतिपय विषयलाईनीतिगतरूपमासम्बोधन गर्नुपर्ने तथा कार्यजिम्मेवारी पनि सोहीअनुसार हुनुपर्नेमा जोड दिँदै उहाँले मुख्य विषय भनेको साधन र स्रोत नै भएको दोहोर्याउनुभयो । जल तथा मौसम विज्ञान विभागका महानिर्देशक जगदीश कर्माचार्यले विभागले पूर्वसूचना प्रणालीलाई क्रमशः व्यवस्थित बनाउँदै लगेको जानकारी दिनुभयो । उहाँले मौसम पूर्वानुमानको कामलाई वैज्ञानिक बनाउँदै पूर्वसूचना प्रणालीका रूपमा मास एमएमएस पठाइएको र आगामी दिनमा त्यसलाई वडा तहसम्म विस्तार गर्न विभाग लागिपरेको उल्लेख गर्नुभयो ।

जलवायु सङ्कटका र विपद्का कारण देशको ग्रामीण अर्थतन्त्र, कृषि उत्पादन र मानिसको दैनिक जीवनलाई प्रत्यक्ष प्रभावित पारेको भन्दै कार्यक्रममा सहभागीले त्यसको सामना गर्न राज्य तथा समुदायको सक्रिय भूमिका आवश्यक रहेकामा जोड दिएको थिए ।समानता, न्याय र स्थानीय तहको सशक्तीकरण, समुदायलाई केन्द्रमा राख्नुपर्ने, नाफा केन्द्रित प्राकृतिक स्रोत दोहन रोक्न स्रोतहरूको समान पहुँच र न्यायोचित वितरण सुनिश्चित गर्न समाजवादी दृष्टिकोणका साथ काम गर्नुपर्नेमा आयोजक संस्थाबाट प्रस्तुत अवधारणापत्रमा उल्लेख गरिएको छ ।रासस

# दसैंमा रङ्गिन माटोबाट अतिरिक्त आम्दानी

महोत्तरी । दसैं पर्वमा रङ्गिन माटो बेची मधेशका गरिब तथा श्रमजीवी वर्गले अतिरिक्त आयआर्जन गर्ने गरेका छन् । दसैं पर्वका अवसरमा महोत्तरीको विपन्न बस्तीका गरिब श्रमिक माटो बेचेर अतिरिक्त आम्दानी गर्दैछन् । यसै अवसरमा विभिन्न रङ्गका माटोले घर पोतेर चिटिक्क टल्कने बनाउने मधेशको स्थापित परम्पराले अहिले गरिब बस्तीका श्रमिक माटो खन्न टाढाटाढासम्म पुग्ने गरेका छन् । यो कार्यमा महिला बढी देखिने गरेका छन् ।

अहिले १०/२० जनासम्मको समूहमा महिला माटो खोज्न चार/पाँच घण्टाको बाटो छिचोलेर चुरे पाहाडका रातो माटोका थुम्का खोस्री रहेका भेटिन्छन् । दसैंमा घर पोत्ने प्रयोजनका लागि कमेरे, चिम्टिलो पहेँलो र रातो माटोको माग हुने भएपछि विशेषगरी गरिब बस्तीका महिला अहिले विभिन्न रङ्गका माटो खन्ने, ओसार्ने र मागकर्ताकहाँ पुऱ्याउने काममा लागेका छन् ।मधेशका अधिकाङ्श भित्री बस्तीमा बाँसका चोयाको बारका भित्ता भएका घर हुन्छन् । यस्ता घरका भित्ता बर्सेनि दसैं, तिहार र छठ पर्वअघि माटोले पोतेर रङ्ग्याउने चलनले यी पर्वमा विभिन्न रङ्गा माटोको माग बढ्छ । यसै अवसरलाई अहिले गरिब बस्तीका महिलाले अतिरिक्त



नगद जोहोमा प्रयोग गर्ने गरेका हुन् ।

अहिले फरक-फरक रङ्गा माटोको खोजी गर्ने समूहको गन्तव्य नदीले दह जमाएका ठाउँको डिल, पुराना पोखरी र चुरे पाहाडक्षेत्रका रातो माटोका थुम्का भएका छन् । "कमेरे र पहेँलो चिम्टिलो माटो खोज्न नदी गहिरिएको डिल र पुराना पोखरी खोज्नुपर्छ, रातो माटो लिन चाँही चुरे नै पुग्नुपर्छ" पर्वकाबीच भङ्गाहा-४ पलारबस्ती नजिकैको रातु कान्लामा पहेँलो र कमेरेमाटो खन्दै गरेकी पलार बस्तीकै सियानकीदेवी बाँतरले भन्नुभयो,"यही मेहनतले आफ्नो घर पोत्न र दसैं खर्चको नगद जोहो गर्न माटो लगिन्छ । करिब ४० केजीको एक बोरा माटो लान सके आफ्नो घर पोतेर पनि एक/दुई हजार रुपैयाँ नगद बनाइ गर्जो टार्न सकिन्छ की भनी यसरी काम गरिरहेकी छु ।"

चाडपर्व सुरु भइसकेको अवस्थामा परिवारका सदस्यको सहयोग लिएर गरिब बस्तीका महिला माटो सङ्कलन तथा बिक्रीवितरणमा व्यस्त छन् । "हेर्नोस न, दसैंले छोपी त हाल्यो, अहिले अलिकति मेहनेत गरे त दुई/चार पैसाको मुख देख्न पाइने छ नि !" यसैगरी भङ्गाहा-६ जमुनियाँकी प्रेमकली चौधरी भन्नुहुन्छ, "यसले घरका नानीहरुको फर्माइस पूरा गर्न सघाउँछ ।"मधेशका खासगरी थारू बस्तीमा अहिले माटो सङ्ग्रहको होड छ । थारु महिला विभिन्न रङ्गो माटोले घर पोत्न, कुन रङ्गो माटो कसरी मिलाएर पोत्ने भन्ने र घर सरसफाइका काममा पोख्त मानिन्छन् । "हेर्नोस् न, हाँस/कुखुरा र परेवा पनि घरघरैजसो पालेकै हुन्छन्, तर थारू बस्तीका घर पुग्दा भूईंमै बसौंबसौं लाग्ने चिटिक्क देखिन्छ"

भङ्गाहा-४ थारूटोल बनराका विष्णुबहादुर बुढाथोकी भन्नुहुन्छ, "घर सरसफाइ, रङ्गरोगन र सजावटमा थारू महिला सधैं उम्दा देखिन्छन् ।" दसैंमा थारू महिलाको साथसङ्गतले अन्य जाति-समुदायका गरिब महिला पनि अहिले माटो सङ्ग्रहमा लागेका छन् । माटो जम्मा गर्नसकै मेलामा रमाउन र स-साना नानीहरुको खानपिनको रहर पुऱ्याउन सहयोग पुग्ने यस काममा लागेका श्रमिक महिलाको भनाइ छ ।

मधेशका ग्रामीण बस्तीमा बाँसका कच्ची घर बढी हुने र तिनका भित्ता बाँसका चोया र कर्चीबाट बन्ने हुँदा लिपपोत माटोले नै गरिन्छ । प्रत्येक वर्षको दसैं, तिहार र छठमा घर पोत्ने चलनले गरिब बस्तीका महिलालाई माटो बेचेर दुई/चार रुपैयाँ आर्जनको अवसर बनेको हो । अहिले सङ्ग्रह गरिएको माटो तिहार र छठमा पनि बिक्री हुने श्रमिक महिला बताउँछन् ।रासस

# बाढीपहिरोमा परी दुई सय ४४ जनाको मृत्यु

काठमाण्डु । हालैको बाढीपहिरामा परी हालसम्म दुई सय ४४ जनाको मृत्यु भएको छभने १९ जना बेपत्ता छन् । अन्य एक सय ७९ जना घाइते भएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय ७४ जनाको उद्धार गरिएको छभने सहायता परिचालन र अवरुद्ध राजमार्गको मर्मतसम्भार गरी यातायातका साधन सञ्चालनको प्रयास जारी छ । "बाढीपहिरो पीडितको विवरण सङ्कलन स्थानीयस्तरबाट भइरहेको छ । त्यो प्राप्त भएपछि अस्थायी आवासका निम्ति सरकारले प्रदान गर्ने सहायता रकम वितरण हुनेछ । स्थानीय तहबाट प्रभावित परिवारलाई खाद्यान्नलगायत सहयोग प्रदान भएको छ", उहाँले भन्नुभयो ।

सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमार्फत प्रतिमृतक रु दुई लाखका दरले निजका परिवारलाई सहायता रकम उपलब्ध गराएको छ । हालसम्म त्यस्तो सहायता एक सय ६० परिवारले पाइसकेका छन् ।रासस

# दुई थान सालको काठसहित साइकल बरामद



**टुडे समाचारदाता**

बारा । पर्साको मनवाबाट पर्साको बन गस्ती टोलीले दुई थान सालको काठ सहित दुई वटा साइकल बरामद गरेको छ ।

मनवा सब डिभिजन वन कार्यालय सखुनियाबाट खटिएको वनगस्ती टोली र बागेश्वर त्रित्रौनाबाट सशस्त्र प्रहरी कार्यालयबाट संयुक्त रुपमा खटिएको टोलीले १४.०१ क्युफिटको काठ बरामद गरेको डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले जानकारी दिए ।

काठ तस्करहरुले पर्सागढी नगरपालिका वडा नं. १ स्थित मनवा गेटबाट दोहरीतर्फ साइकलमा काठ लैजाँदै गरेको अवस्थामा सो गस्ती टोलीलाई देखेर तस्करहरु फरार भएको मनवा सब डिभिजन वन कार्यालयले जनाएको छ ।

फरेस्टर हरिभजन चौधरीका अनुसार काठ तस्करहरुलाई आफूहरुले लखेटेपछि उनीहरु साइकल र काठ छाडेर भागेको बताए ।

बरामद काठ र साइकललाई मनवा सब डिभिजन वन कार्यालयमा राखिएको डिभिजन वन कार्यालय पर्साले जनाएको छ ।

# बारामा छ हजार चार सय ७२ हेक्टर धानबाली डुबानमा



कलैया । जिल्लामा छ हजार चार सय ७२ हेक्टर क्षेत्रको धानबाली डुबानमा परेको छ । यही असोज १० देखि १२ गतेसम्म अविरल रूपमा परेको पानीसँगै खोलानालामा आएको बाढीले उक्त क्षेत्रमा लगाइएको धानबाली डुबानमा परेको कृषि ज्ञान केन्द्र बाराले जनाएको छ ।

केन्द्रका प्रमुख राजनारायण साहले डुबानमा कुन-कुन बालीमा के-कति क्षति भएको बारेमा किसानसँग तथ्याङ्क लिने काम भइरहेको जानकारी दिनुभयो । केन्द्रका प्रचार अधिकृत रामजीवन ठाकुरले यस वर्ष कुल बर्खेधान ४६ हजार २० हेक्टर क्षेत्रमा रोपाइँ गरिएको जानकारी दिनुभयो ।

मधेस प्रदेश कृषि विकास निर्देशनालय जनकपुरका प्रमुख जितेन्द्र यादवका अनुसार प्रदेशका आठ जिल्लामा ४२ हजार ६९ हेक्टर क्षेत्रमा धानबाली डुबानमा परेको छ । सोमध्ये बारामा मात्र कुल छ हजार चार सय ७२ हेक्टर डुबानमा पर्दा रु ७७ करोड ६६ लाख ४० हजार बराबर क्षति भएको अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।रासस

# अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान मक्ख

महोत्तरी । चाडपर्व प्रारम्भ हुन लागेका बेला सकारबाट अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान प्रसन्न छन् । राज्यबाट अनुदान पाउने कुनै आशाभरोसा नभएको स्थितिमा रकम पाएपछि उनीहरू मक्ख परेका हुन् ।

आर्थिक वर्ष २०८०/८१ मा गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजलाई उखु बेचेका किसानले अनुदानबापतको रकम पाएका हुन् । उक्त उद्योगलाई गत वर्ष उखु बेचेका १४ हजार ४४४ किसानका खातामा उनीहरुले बुझाएका उखुको परिमाणअनुसार प्रतिक्विण्टल रु ७० का दरले अनुदान रकम दाखिला भएको कोष तथा लेखा नियन्त्रण कार्यालय छ । किसानलाई रु २० करोड ३३ लाख १५ हजार ८११ अनुदान दिइएको छ ।

कार्यालयप्रमुख बालकृष्ण अधिकारीका अनुसार अनुदान रकम बैंक खाता भएका सबै किसानले पाएका र नहुनेले पनि धमाधम खाता खोल्न थालेका



छन् । "रकम दाखिलाको क्रम जारी छ," उहाँले भन्नुभयो । " दसैंमा कसरी गर्जो टारौं भन्ने थियो, अनुदान रकम आएपछि प्रसन्न छु", भङ्गाहा-४ का उखु किसान अरुण गिरी भन्नुहुन्छ, " हामीलाई दसैं उपहार पाएजस्तै भएको छ ।

" गिरीजस्तै बर्दिबास–९ पशुपतिनगरका अर्का किसान रामविनोद महतोले पनि चाडपर्वअघि अनुदान रकम पाइँदा राहत मिलेको बताउनुभयो ।

महोत्तरीमा दुईवटा चिनी उद्योग सञ्चालनमा रहेका भए पनि दुई वर्षअघिमात्र सञ्चालनमा आएको सिद्धिविनायक चिनी उद्योगले गत वर्ष प्राविधिक गडबडीले उखु क्रसिङ् गर्न सकेन । एभरेष्ट चिनी उद्योगले भने २९ लाख चार हजार ५११ क्विन्टल उखु क्रसिङ् गरेर दुई लाख ६४ हजार ५११ क्विन्टल चिनी उत्पादन गरेको थियो ।

गत वर्ष उखुको मूल्य उद्योगले रु ५४० र सरकारले अनुदान बापत ७० गरी प्रति क्विन्टल रु ६१० कायम गरेको थियो । किसानले प्रतिक्विन्टल रु ७५० हुनपर्ने माग गरेका थिए ।

सरकारले पछिल्ला तीन वर्षयता उखुको अनुदान रकममा प्रति क्विण्टल रु पाँच बढाएर रु ७० पुऱ्याएको हो । उखुको समयमा नै भुक्तानी तथा सरकारबाट अनुदान पनि पाएका यहाँका किसान उखुखेति विस्तार गर्ने योजनामा रहेका उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहाले राससलाई बताउनुभयो ।

हाल यहाँ दश हजार बिघामा उखुखेती भएको छ । उहाँले उखु उत्पादक किसानको सहभागितामा प्रत्येक वर्ष 'क्रसिङ् सिजन'अगावै को मूल्य निर्धारण हुनुपर्नेमा जोड दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# भारतबाट सुन तस्करी

नेपाल र भारतबीच खुल्ला सीमा रहेको छ। त्यसको अनुचित लाभ तस्करहरुले लिइरहेका छन् । पछिल्लो पटक भारतबाट जनकपुरधाम हुँदै हेटौँडा पुगेको झण्डै साढे ११ करोड मूल्यको सुन प्रहरीले एकै पटक बरामद गरेको छ। त्यस अघि पनि दुई करोड रुपैयाँ हाराहारीको सुन हेटौँडामा बरामद गरिएको थियो। खुल्ला सीमाको कारण भारतबाट सुन नेपालमा ल्याउन धेरै कठिनाइ हुँदैन । तर धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सासमेत ६ जिल्ला सहज रुपमा तस्करहरुले कटाउने गरेका छन् । जनकपुरधाम भएर आउने सुन सहजै पथलैयाभन्दा अगाडि जाने गरेको छ। हेटौँडा पुगेपछि प्रहरीले सुन बरामद गर्छ। मानिसलाई पनि पक्राउ गर्छ। केही समय पूर्व सम्म नेपालबाट भारतमा सुन तस्करी हुने गरेको थियो। तर पछिल्लो बजेट भाषणमा भारत सरकारले सुनमा लगाएको भन्सारलगायतका करहरुमा छुट दिएपछि नेपाल भन्दा अहिले प्रति तोला भारतमा ५ हजार रुपैयाँ सस्तिएको छ । तोलामा ५ हजारको फरक भएसँगै नेपालमा १ किलो सुन ल्याउँदा कम्तीमा ४ लाखको बचत हुने गरेको छ। त्यसकारण भारतबाट सुनको तस्करी बढेको छ ।नेपाल र भारतबीच सुन तस्करी हुनु नौलो विषय होइन् ।नेपाल र भारतबाट निर्बाध रुपमा सुन तस्करी हुँदै आएको छ । तर जनकपुरधामबाट साढे ११ करोडको सुन बसमा राखेर पथलैया सम्म पुर्‍याइन्छ । पथलैयामा सुरक्षित साथ सुन स्कुटीमा राखेर हेटौँडा पुर्‍याइन्छ । तर चनाखो रहेका हेटौँडाका प्रहरीले स्कुटीमा राखिएको सुन बरामद गर्छ । दुई जना मानिसलाई पनि नियन्त्रणमा लिन्छ। एकै हप्तामा हेटौँडाका प्रहरीले दुई पटक भारी परिमाणमा सुन बरामद गरेको छ । जनकपुरधामबाट मधेश प्रदेशको ६ जिल्ला पार गर्न सुन तस्करलाई कुनै समस्या भएन । तस्करहरुले निर्धक्कताका साथ सुन लिएर हेटौँडा पुग्ने गरेका छन्। आखिर मधेश प्रदेशका ६ जिल्लाका सुरक्षाकर्मीहरुलाई किन कसैले सुन तस्करीको सुराक दिदैन । प्रहरीमाथि अविश्वास बढेको अथवा प्रहरीको मिलेमतो रहेको चासोको विषय हो। मकवानपुर जिल्लाका प्रहरी उपरीक्षक विश्वराज खड्का धनुषामा नै थिए। उनी हेटौँडामा पुगेपछि सुराक पाइरहेका छन्। तर मधेश प्रदेशका ६ जिल्लाका सुरक्षानिकाय तस्करीबारे अनभिज्ञ छन्। यसले मधेश प्रदेशको सुरक्षा निकायलाई स्वमूल्यांकन गर्नु पर्ने देखाएको छ। आखिर करोडौँको सुन तस्करी हुँदा मधेश प्रदेशका सुरक्षाकर्मीहरुले किन सूचना पाउँदैनन् ? यो गम्भीर प्रश्न मधेश प्रदेश प्रहरीका लागि हो।

# भगवान स्कन्दलाई गोदमा धारण गर्ने स्कन्दमाता

***या देवी सर्वभूतेषु मां स्कंदमाता रूपेण संस्थिता।***
***नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥***

यसको अर्थ हो हे माता ! सर्वत्र विराजमान र स्कंदमाताको रूपमा प्रसिद्ध अम्बे हजुरलाई मेरो कोटिकोटि प्रणाम छ। म हजुरलाई बारंबार प्रणाम गर्छु। हे माता, मलाई सबै पापबाट मुक्ति प्रदान गर। यस दिन साधक को मन 'विशुद्ध' चक्रमा अवस्थित हुन्छ।

भगवान स्कंद 'कुमार कार्तिकेय'को नामबाटपनि मातालाई स्मरण गरिन्छ। यो प्रसिद्ध देवासुर संग्राममा देउताहरुको प्रधान सेनापति बन्नु भएको थियो । पुराणहरुमा उहाँलाई कुमार र शक्ति भनेर महिमाको वर्णन गरिएको छ।

उहाँ भगवान स्कन्दमाता भएको कारण मां दुर्गाजीको यस स्वरूपलाई स्कंदमाताको नामले पुजिन्छ।

स्कन्दमाताको कृपाले मुर्खपनि ज्ञानी हुने गर्छ । स्कन्द माताको आफ्नो गोदमा धारण गर्नु भएकी माता देवीको नाम स्कन्दमाताको नामले विख्यात छन् ।पहाडमा बसेर संसारिक जीवमा नवचेतनाको निर्माण गर्ने स्कन्दमाता हुन् ।

बडा दशैमा पाँचौ दिन स्कन्दमाताको पूजा अराधना गरिन्छ ।पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा र पाँचौ दिन स्कन्द माताको पुजा गरिन्छ।

दूर्गा मन्दिर र पण्डालमा बनाईने दूर्गाको मुर्तीहरुमा स्कन्द माताको स्वरुप निर्माण भएको देखिदैन्।

तर पाँचौ दिन उहाँको पूजा गरिन्छ ।हिन्दूहरुको धर्मग्रन्थहरुमा नवरात्री सम्बन्धी पूजा विधिमा स्कन्दमाताको पूजा पाँचौ दिन गरिन्छ ।स्कन्दमाताको कृपाले मुर्खपनि विद्वान बन्ने गर्छ ।विधिविधान पूर्वक गरिने पूजाबाट माता प्रसन्न भै साधकलाई मनवाञ्छित फल प्रदान गर्नु हुन्छ।

स्कंद कुमार कार्तिकेयकी माताको कारण उहाँलाई स्कंदमाताको नामले अभिहित गरिएको छ।

उहाँको गोदमा भगवान स्कंद बालरूपमा विराजमान हुनुहुन्छ । स्कन्दमाताको कृपा प्राप्तिका लागि ठूलो जपजापपनि आवश्यक नपर्ने बताईन्छ। अत्यन्त निष्ठापूर्वक उहाँको भक्तिपुजा गरी साधकहरु सिद्धी प्राप्त गर्छन्।

स्कन्दमाताको चार हात छन् ।दाहिने तर्फको उपरको हातले भगवान स्कन्दको बालस्वरुपलाई समात्नु भएको छ।

तलको हातमा कमलको पुष्प रहेको छ। बायाँ तर्फको माथिल्लो हातमा वरदमुद्रा र तलको हातमा कमल पुष्प रहेको छ ।उहाँको वर्णन अत्यन्त शुभ रहेको छ ।उहाँ कमलको आसनमा विराजमान रहनुहुन्छ ।उहाँ कमलको आसनमा विराजमान रहने भएकाले पद्यमासन पनि भनिन्छ ।स्कन्दमाताको



सवारी सिंह रहेको छ ।उहाँ सिंहमा सवार भएर भक्तहरु समक्ष पुग्ने गरेको धार्मिक मान्यता छ।

शास्त्रमा स्कन्दमाताको अत्यन्त महत्वको वर्णन गरिएको छ ।उहाँको उपासनाले भक्तको सम्पूर्ण ईच्छापूर्ण हुन्छ ।भक्तले मोक्ष प्राप्ति गर्छन् ।उहाँ सूर्यमण्डलको अधिष्ठात्री देवी भउको कारण उहाँको भक्तहरुले अलौकिक तेज र कान्तिमय हुन्छन् ।स्कन्दमाताका भक्तहरुमा अत्यन्त तेज हेर्न सकिन्छ।

मनलाई एकाग्रचित र पवित्र बनाएर स्कन्दमाताको आराधना गर्ने भक्त, साधकहरुलाई भवसागर पार गर्न कुनै कठिनाई हुँदैन्।

नवरात्रि-पूजनको पाँचौ दिन शास्त्रमा पुष्कलको महत्व वर्णन गरिएको छ । यस चक्रमा अवस्थित मन भएका साधकको समस्त बाह्य क्रिया एवं चितवृतीको लोप हुन्छ। उनी विशुद्ध चैतन्य स्वरूप तर्फ अग्रसर भईरहेका हुन्छन्।

साधकको मन समस्त लौकिक, सांसारिक, मायिक बंधनबाट विमुक्त भएर पद्मासना स्कन्दमाताको स्वरुपमा पूर्णत :तल्लिन भएका हुन्छन्। यो समयमा साधकले पूर्ण सावधानीपूर्वक उपासना तर्फ अग्रसर हुनु पर्छ। आफ्नो सम्पूर्ण ध्यान वृतिलाई एकाग्र राख्दै साधनको पथमा अगाडी बढनु पर्छ।

उहाँको पूजाले मोक्षको मार्ग सहज हुन्छ ।स्कन्दमाता विद्वान र सेवक उत्पन्न गर्ने अत्यन्त शक्तिशाली हुन् । चेतनाको निर्माण गर्ने स्कन्दमाता कल्याणकारी हुनुहुन्छ।

भनिन्छ काली दासले रचना गरेको बहुचर्चित ज्ञानोपयोगी रघुवंशम महाकाव्य र मेघदूतको रचना स्कन्दमाताकै कृपाले संभव भएको हो ।स्कन्दमाताको कृपा भएपछि काली दास सर्वत्र पुजनिय भक्त बने ।

स्कन्दमाताको पूजामा भक्ति र निष्ठा आवश्यक मानिन्छ ।साधकहरु जति भक्ति र निष्ठापूर्वक पूजा गर्छन्, माताको कृपा त्यती चाँडौ बर्सिन्छ ।स्कन्दमाताको स्वरुप दयालु हो ।साधकमाथि उहाँको कृपा वर्षा हुन्छ।

# रामलीला संस्कृति संरक्षणका सारथी

**भेषराज बस्नेत**

नेपालगञ्ज उपमहानगरपालिका-११ निवासी सन्तोषकुमार कनौडिया उमेरले ७४ वर्ष नेटो काटिसक्नुभएको छ। शारीरिक एवं मानसिक रुपमा घरमै आराम गरेर बस्नुपर्ने यो उमेरमा यतिबेला उहाँलाई डेढ सय वर्ष पुरानो ऐतिहासिक रामलीला संस्कृतिलाई भव्यता दिन भ्याइनभ्याइ छ।

विसं १९२५ देखि नेपालगञ्जमा हुँदै आएको रामलीला महोत्सवको यो वर्ष एक सय ५७औँ संस्करणका लागि आवश्यक तयारीमा हुने बैठक र छलफलमा कनौडियाका दिन बित्ने गरेका छन्। उहाँले एक दशकदेखि नेपालगञ्जको ऐतिहासिक सांस्कृतिक परम्पराका रुपमा रहेको रामलीलालाई संरक्षण गर्ने अभिभारा निर्वाह गर्दै आउनुभएको छ। विसं २०५२ देखि प्रत्यक्ष रुपमा रामलीला सञ्चालक समितिमा जोडिनुभएका कनौडिया सदस्य, उपाध्यक्ष, कार्यवाहक अध्यक्ष हुँदै २०७८ सालदेखि अध्यक्षको रुपमा जिम्मेवारी निर्वाह गर्दै आउनुभएको छ।

प्रत्येक वर्ष दसैँका अवसरमा नेपालगञ्जको रामलीला मैदानमा रामलीला महोत्सव मञ्चन हुँदै आएको छ। यो वर्ष रामलीलाको एक सय ५७औँ संस्करणका लागि तयारी सुरू भएको उहाँको भनाइ छ। झण्डै डेढ सय ५२ वर्षदेखि निरन्तर प्रत्येक वर्ष हुँदै आएको रामलीला महोत्सवको एक सय ५३ र एक सय ५४औँ वर्ष प्रवेशको कार्यक्रम कोरोना महामारीका कारण स्थगित गरिएको थियो । सत्यमाथि विजयको प्रतीकका रूपमा मनाइने दसैँको पहिलो दिन घटस्थापनादेखि विजयादशमीको दिनसम्म राति ८ बजे देखि १२ बजेसम्म रामलीला मञ्चन गरिन्छ।

नेपालगञ्जवासी चासो र उत्साहका साथ रामलीला महोत्सवमा सयौँको सङ्ख्यामा मध्यरातसम्म सहभागी हुने गर्दछन्। धनुष यज्ञ, रावणवध, भरतमिलाप र रामको शुभ राज्याभिषेक भएर रामलीला महोत्सव समापन हुने गर्दछ। "विगतका वर्षमा जस्तै यो वर्ष पनि रामलीला महोत्सव सञ्चालन गर्ने तयारी गरिसकेका छौँ, रामलीला मञ्चनका लागि भारतको वृन्दावनबाट कलाकार ल्याउने निश्चित गरिसकेका छौँ", अध्यक्ष कनौडियाले भन्नुभयो, "यो महोत्सव शतप्रतिशत समुदायको सहयोगबाट चलेको छ। नितान्त समुदायको अग्रसरतामा यहाँसम्म आइपुगेको यो ऐतिहासिक विरासतलाई निरन्तरता दिन र जीवन्त राख्न स्थानीय कलाकार उत्पादनलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढ्न स्थानीय सरकारको सहयोग आवश्यक देखिन्छ।"

रामलीला मञ्चनका लागि बर्सेनि लाखौँ खर्च गरेर भारतबाट कलाकार ल्याइन्छ । नेपालमै कलाकार उत्पादन गर्ने प्रयास गरिए पनि सफल हुन नसकेको रामलीला सञ्चालक समितिका अध्यक्ष कनौडियाले बताउनुभयो । नेपालमै कलाकार उत्पादन गर्न तालिम सञ्चालन गर्ने सौँच बनाएको उहाँले उल्लेख गर्नुभयो।

**यस्तो छ इतिहास**

विसं १९२५ देखि स्थानीय अगुवाको अग्रसरतामा नेपालगञ्जमा रामलीला मञ्चन हुँदै आए पनि त्यसको एक सय १५ वर्ष पछि २०४४ सालदेखि व्यवस्थित रुपमा संस्थागत तरिकाले रामलीला मञ्चन गरिदै आएको ऐतिहासिक तथ्यले देखाएको छ। विसं २०४४ मा नेपालगञ्जका अगुवा कृष्णगोपाल टण्डन अध्यक्ष रहेको रामलीला सञ्चालक समिति गठन भएको थियो। टण्डनपछि २०५२ सालमा श्यामसुन्दर कनौडिया समितिको नेतृत्वमा आउनुभयो। नातामा दाजु पर्ने श्यामसुन्दरलाई साथ दिँदै सन्तोषकुमार कनोडिया रामलीला संस्कृतिलाई जोगाउन सम्वर्द्धनमा जोडिनुभएको थियो । "म जान्ने भएदेखि नै रामलीला हेर्दै आएको छु। समितिको जिम्मेवारीमा पुगेर यसको महत्व र इतिहासले मलाई थप काम गर्न प्रेरित गरेको थियो", सन्तोषकुमारले भन्नुभयो, "दाजु बिरामी पर्दा मैले केही वर्ष कार्यवाहक अध्यक्ष भएर काम गर्दै आएको थिएँ। उहाँको निधनपछि अध्यक्षका रुपमा काम गर्दै आएको छु।"

सञ्चालक समितिका अध्यक्ष कनौडियाका अनुसार, विश्वनाथ टण्डन, बद्रीनाथ टण्डन, पाटनदिन गुप्ता, जगदिशप्रसाद वैश्य, पन्नालाल गुप्ता, जयेन्द टण्डन, भाइलाल हल्वाईलगायतले नेपालगञ्जमा रामलीला महोत्सवको सुरुआत गरेका थिए। यसक्षेत्रको परिचय बनेको रामलीला मञ्चनले नेपाल तथा भारतमा नेपालगञ्जलाई चिनाएको उहाँको भनाइ छ। "सुरुका वर्षमा कलाकारको टोली ल्याउने चलन थिएन, यहीँका बुज्रुकहरुले रामायण पढेर र हेरेर रामलीला मञ्चन गर्दा हामी उत्साहका साथ हेर्ने गर्दथ्यौँ", कनौडियाले सुनाउनुभयो, "पछि व्यवस्थित गर्दै जाँदा भारतको विहार राज्यको दरभङ्गा, उत्तरप्रदेशको अयोध्या हुँदै अहिले मथुरा बृन्दावनका कलाकारको टोली ल्याउने गरेका छौँ।"



करिव तीन दशकदेखि कनोडिया परिवारको नेतृत्वमा नेपालगञ्जमा ऐतिहासिक रामलीला महोत्सव सञ्चालन हुँदै आएको छ । अध्यक्ष कनोडियाले समुदायस्तरबाट डेढसय वर्षदेखिको यो अद्भूत कलालाई निरन्तरता दिन भइरहेको प्रयास चुनौतीपूर्ण रहेको बताउनुभयो । "रामलीलाको एउटा संस्करण आयोजनामा कम्तीमा रु १५ लाख खर्च हुन्छ । शतप्रतिशत समुदायको सहयोगबाट चलेको छ। नितान्त समुदायको अग्रसरतामा यहाँसम्म आइपुगेको यो ऐतिहासिक विरासतलाई निरन्तरता दिन र जीवन्त राख्न स्थानीय कलाकार उत्पादनलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढ्न स्थानीय सरकारको सहयोग आवश्यक देखिन्छ", उहाँले भन्नुभयो।

**स्रोतको अभाव**

रामलीला सञ्चालक समितिको नाममा नेपालगञ्ज उपमहानगरपालिका- ९ र १३ मा पर्ने गरी चार बिघा जमिन रहे पनि संरक्षणको अभावमा हाल साढे दुई बिघा जमिन छ । जमिनमा विभिन्न सङ्घसंस्थाले भवन बनाएका छन्। हाल नियमित आम्दानीका रुपमा एउटा टिनको सटरबाट मासिक रु पाँच हजार मात्रै प्राप्त हुने गरेको अध्यक्ष कनौडियाको भनाइ छ। रामलीला मञ्चनका लागि सरकारबक्स चौधरी, मेघराज भण्डारी लगायतले चार बिघा जमिन रामलीला सञ्चालक समितिलाई दिएका थिए । रामलीला मैदानका रुपमा नेपालगञ्जमा यो ठाउँ परिचित रहेको छ।

यो वर्ष नेपालगञ्जमा रामलीलाको एक सय ५७औँ संस्करणमा भारतको बृन्दावनका कलाकारले नाटक मञ्चन गर्ने भएका छन्। यसअघि पनि भारतका विभिन्न स्थानका कलाकारहरू आउने गरेका थिए । नेपालको जनकपुरबाट पनि केही वर्षअघि कलाकार ल्याएर रामलीला मञ्चन गराइएको रामलीलाकाबारे जानकार स्थानीय अगुवा द्वारिकाप्रसाद वैश्यले बताउनुभयो । नेपालगञ्जको रामलीला मैदान र टण्डन राइस मिलमा मञ्चन हुँदै आएको यो कला नेपालीभन्दा बढी सीमावर्ती भारतीयहरुबीच लोकप्रिय छ।

वैश्यका अनुसार, जङ्गबहादुर राणाले नेपालगञ्ज सहर बसालेदेखि नै मनोरञ्जनका लागि स्थानीय बासिन्दाको सहयोगमा भगवान श्रीरामको कथामा आधारित नाटक मञ्चन गर्न थालिएको हो। गोस्वामी तुलसी दासले श्रीराम चरित्र मानस अवध भाषामा अनुवाद गरेपछि रामलीला मञ्चन गर्न सहज भएको हो । रामलीलामा श्रीरामको जीवन चरित्र देखाइने गरिन्छ । भगवान् राम र सीताको जीवन लीलालाई कलाकारहरूले घटस्थापनादेखि प्रत्येक दिन राति ८ बजेदेखि १२ बजेसम्म मञ्चन गर्ने गर्छन् । विजया दशमीको दिन रावणवध गरी एकादशीको रात भरतसँगको मिलाप र त्रयोदशीको रात रामको राज्याभिषेक गरी नाटक अन्त्य गरिन्छ।

**रामलीलाको लोकप्रियता**

डेढसय वर्षदेखि नेपालगञ्जको रामलीला मैदान र टण्डन राइस मिलमा मञ्चन हुँदै आएको यो कला नेपालीमाझ जति परिचित छ, त्यो भन्दा कैयौँ गुना भारतीयहरुबीच लोकप्रिय छ। बाँकेको आसपासका जिल्ला दाङ, बर्दिया र सुर्खेतसहित भारत उत्तर प्रदेशबाट सयौँ दर्शक आउने गरेको पाइन्छ।

नेपालगञ्ज-२१ पुरैनाकी सिर्जना थापाले एकपटक हेरेपछि पनि दिनैपिच्छे अब के हुन्छ ? भन्ने जिज्ञासा लागिरहने बताउनुभयो। रावणवध गरेको दिन दर्शकको सङ्ख्या उल्लेख्य हुनेभएकाले मैदान भरिभराउ हुने गर्दछ । "भारतको उत्तरप्रदेशबाट लाखौँ श्रद्धालुहरु यस अवधिमा रामलीला दर्शनका लागि आउने गर्छन् बरु नेपालमै कसरी प्रचारप्रसार गर्ने भन्नेमा केन्द्रित हुनुपर्ने भएको छ", रामलीला सञ्चालक समितिका अध्यक्ष कनौडियाले चिन्तित हुँदै भन्नुभयो, "भारतीय युवाहरुमाझ लोकप्रिय हुँदै गए पनि नेपाली युवाहरुमा आकर्षण बढाउन सकिरहेका छैनौँ।"

**रामलीला र दशैंको रौनक**

घटस्थापनादेखि नेपालगञ्जस्थित रामलीला मैदानमा सुरु भएको रामलीला मञ्चनसँगै नेपालगञ्जमा दसैँको रौनक छाउने गर्दछ । रामलीला मञ्चन हेर्न गाउँगाउँबाट ट्याक्टर चढेर सर्वसाधारण आउने गरेको रामलीला सञ्चालक समितिका प्रचारक विष्णुलाल कुम्हालले बताउनुभयो।

दसैँका अवसरमा समुदायमा सकारात्मक सन्देश फैलाउन र रामराज्यको अनुभूति दिलाउन रामलीला महोत्सवलाई निरन्तरता दिइएको कुम्हालले बताउनुभयो । घटस्थापनादेखि सुरु हुने रामलीला महोत्सवमा नारद मोह, रामजन्म, ताड्का बध, जनकपुर आगमन, बजार फूलबारी, धनुष यज्ञ, पर्शुराम, वाणासुर, सीता स्वयम्बर, राम वनबास, दशरथ मरण, सीताहरण, लङ्कादहन, लक्ष्मण शक्ति बाँणको लीलालगायत प्रदर्शन हुने गरेको उहाँको भनाइ छ ।विजयादशमीका दिन ४५ देखि ५० फिटको रावणको पुत्ला दहनगरी महोत्सव समापन हुने गर्दछ। विजयादशमीका दिन अपराह्नदेखि नै विशेष लीला मञ्चन गरी रावण बध गरिन्छ। सो दिन जिल्लाका विभिन्न ग्रामीण क्षेत्र तथा छिमेकी मुलुक भारतबाट समेत मानिस आउँछन्। भगवान् राम र सीताको जीवनीमा आधारित विभिन्न कथालाई नाट्य रूपमा प्रस्तुत रामलीला महोत्सवमा गरिन्छ । योक्रम रावण बध नहुञ्जेलसम्म चल्छ।

"सत्यमाथि विजयको प्रतीकका रूपमा मनाइने दशैँभरि सहरमा रामलीलाको रौनक हुन्छ। रामले अन्यायका लागि लडेको कथा र प्रजालाई गर्ने व्यवहारबारे प्रस्तुत गरिन्छ", रामलीला सञ्चालक समिति सदस्य नन्दलाल वैश्यले भन्नुभयो, "रामलीलाले युवालाई सकारात्मक सन्देश दिन्छ। रामलीला हाम्रो संस्कृति बनिसक्यो। भगवान् रामको आदर्श र मर्यादाको प्रचारका लागि पुर्खाले सुरुआत गरेका हुन्।"

जीवन्त कला अर्थात् भगवान श्रीरामको जीवन लीलालाई वृन्दावनबाट आएका भारतीय कलाकारहरुले हरेक दिन प्रस्तुत गर्नेछन् । यो क्रम एकसय ५६ वर्षदेखि चलिआएको प्रामाणिक तथ्य छ । "भगवान् श्रीरामलाई जीवन्त प्रस्तुत गर्दै मानवजीवनलाई कर्तव्य बोध गराउन नेपालगञ्जमा डेढसय वर्षदेखि कला प्रस्तुत हुँदै आएको छ रामलीला", अध्यक्ष कनौडियाले भन्नुभयो, "धार्मिक आस्थाले मानव सभ्यतालाई मर्यादित बनाउँछ । अनुशासित जीवन पद्धतिका लागि पनि यो अपरिहार्य हुन्छ, नेपालगञ्जकै मौलिक इतिहासलाई थामेर हिँडेको छ, रामलीलाले।"

# बाढी, पहिरो र डुबानपछिको स्वास्थ्य जोखिम

**डा प्रकाश बुढाथोकी**

यही असोज ११ र १२ गतेको अविरल वर्षापछि प्रभावित जिल्ला र पालिकाका नागरिकहरुको खानपान जीवनशैली र बसोबासमा असर परेको छ। उपलब्ध आधारभूत सेवा खानेपानी, शौचालय, बत्ती, स्वास्थ्य सबै आधारभूत सेवामा असर परेको छ। तत्काल खोज, उद्धार, राहत र उपचारपछि अब महामारीको जोखिम कसरी कम गर्नेमा सबैको ध्यान जरुरी छ। प्रदूषित पानी, खाना, लामखुट्टेको वृद्धि र विकास, अस्वस्थ तथा पानीको न्यून उपलब्धता, सामूहिक विकास र भएको धनजनको क्षतिले पारेको मानसिक समस्याले सङ्क्रमण र प्रकोपको जोखिम बढाउँछ।

मानव जीवनको सबैभन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो। अस्वस्थ भइसकेपछि उपचार गर्ने र स्वस्थ हुने प्रयत्नभन्दा रोग लाग्न नदिनु नै सबैभन्दा बढी सुरक्षा र बुद्धिमता मानिन्छ। नेपाल खुला दिसामुक्त देश घोषणा भएको २०७६ देखि हाल चार वर्ष नाघे पनि तराईमा मैदान जाने क्रममा कमी आएको छैन। खानेपानी मन्त्रालयका अनुसार एक दशकअघि कुल ८५ प्रतिशतमाझ खानेपानीको पहुँच पुगेकामा हाल ९४ प्रतिशत र ७५ प्रतिशत घरमा शौचालय रहेकामा हाल ९५ प्रतिशत पुगेको छ। त्यस्तै देशभर १० प्रतिशत ढलसहितको व्यवस्थापन र प्रशोधित फोहरपानीको स्तर तीन प्रतिशतमा सिमित छ। तथापि सरसफाईजन्य सङ्क्रमणमा उल्लेखनीय कमी आएको छैन। किनभने पूर्ण सरसफाईका ५+१ विषय र सूचकहरुका कार्यान्वयन नै पूर्ण सरसफाइयुक्त हो। उक्त विषय र सूचकहरुमा चर्पीको प्रयोग, पानी प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, साबुनपानीले हातधुने बानी (चर्पीको प्रयोग पछि, खाना बनाउनु, खानु र खुवाउनु अघि, कुनै फोहर कुरा वा विषादी छोएपछि र बिरामी तथा बच्चाको स्याहार गर्नुअघि र पछि), खाना प्रयोगसम्बन्धी सुरक्षित व्यवहार, सफा घरआँगन र सफा वातावरण पर्दछन्।

रोगीको मलमूत्रलाई पानीको मुहान नजिक वा जथाभावी नफाली खाल्डोभित्र पुर्नुपर्दछ। खानेकुरालाई झिंगाबाट बचाउनु पर्दछ। झिगा लागेको, बासी, सडेगलेका, नपाकेका, चिसिएको खुला स्थानका खाद्य पदार्थ खानु हुँदैन। बजारको बरफ, आइसक्रिम तथा दुग्धजन्य पदार्थ खानु हुँदैन। आफैँले बोक्रा ताछेका फलहरु मात्र खाऔँ। तातो खाना, तरकारी राम्ररी पकाएर मात्र खाऔँ। सम्भव भए दाँत माझ्दा पनि उमालेर चिसिएको पानी प्रयोग गर्नु राम्रो हुन्छ। गाजर, मूलालगायतका हरियो सलाद सङ्क्रमणमुक्त बनाएर मात्र सेवन गर्नुपर्दछ। उपलब्ध सबै तरल पदार्थहरु उमालेर मात्र प्रयोग गर्नुपर्दछ। पटकपटक र कम्तीमा खाना खानुअघि र दिसापिसाबपछि सङ्क्रमणमुक्त झोल वा साबुनले हात धुनै पर्दछ। भान्साकोठामा प्रयोग गरिने सबै सरसामान सङ्क्रमणमुक्त बनाएर मात्र प्रयोग गर्नुपर्दछ।

**हात धुादाका फाइदा**

झाडापखाला सबैभन्दा बढी खानेपानी र सरसफाई हात नधोएर नै हुने गर्दछ। शुद्ध खानेपानी र सरसफाईका कारण ८८ प्रतिशत झाडापखाला हुने गर्दछ, मिचीमिची साबुनपानीले हात धुँदा झाडापखाला लाग्ने दर र मृत्युदर आधा वा ४५ प्रतिशतले कम हुन जान्छ। साबुनपानीले हातधुने बानी बसाल्दा श्वासप्रश्वासजन्य सङ्क्रामक रोगहरु तथा त्यसबाट हुने मृत्यु ५० प्रतिशत कम हुन्छ। सुँडेनीले हात धोएर प्रशव गराउँदा १९ प्रतिशत तथा सुत्केरी आमाले साबुनपानीले हात धोएर नवजात शिशुको स्याहार गर्दा ४४ प्रतिशतले नवजात शिशुको मृत्युदरमा कमी आउँछ। विद्यालयमा साबुनपानीले हात धुवाउँदा बालबालिकामा लाग्ने सङ्क्रामक रोग ५० ले कम हुछ। झाडापखालालाई पानीजन्य रोग भनिए पनि हातधुने बानीले कम गर्न सकिने डब्लुएचओले जनाएको छ।

लण्डन स्कुल अफ हाइजिनलगायतका विभिन्न निकायहरुको खोज, अनुसन्धानमा हातधुने बानीले छातीको सङ्क्रमण, निमोनिया हुने दर, पेटमा जुका, छाला र आँखाको सङ्क्रमण समेत न्यून हुन्छ। अमेरिकाको सिडिसीका अनुसार उचित तरिकाले हात धोएर आधाजति खाद्यजन्य रोगहरु पनि कम गर्न सकिन्छ। स्कुले विद्यार्थीमा गरिएको सर्वेक्षणमा चार पटक हात धुनेमा श्वासप्रश्वास रोग २४ प्रतिशत र पेटसम्बन्धी रोग ५१ प्रतिशतले कम भएको देखिएको छ। सङ्क्रमणको कारण खानामा विषाक्त हुने, पेट दुख्ने, झाडापखाला लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा पेटमा अन्य रोग लाग्न सक्दछ। प्रतिरोधात्मक क्षमता कम भएका तथा दीर्घरोगीलाई तुरुन्तै असर देखिन सक्छ। बालबालिका र वृद्धाहरुमा बढी समस्या देखिने सम्भावना हुन्छ। तसथ, विपद र बाढी, पहिरो र डुबानपछि झनै हातको सरसफाइको महत्व छ।

**लामखुट्टेजन्य रोगहरू**

अव्यवस्थित सहरीकरण, स्वास्थ्य असावधानी तथा मौसम परिवर्तनका कारण डेंगु, औलो, कालाजार, हात्तीपाइलेलगायतका किटजन्य रोग दिन प्रतिदिन बढ्दै र प्रकोपको रुप लिँदैछ। जनस्वास्थ्यका दृष्टिले रोगको उपचारभन्दा नियन्त्रण महत्वपुर्ण रहन्छ। यसका लागि लामखुट्टको बासस्थान, जीवनचक्र, सार्ने किटाणुका प्रकार, स्वरुप आदिका बारेमा गहन अनुसन्धान हुनु पर्दछ। यसैका लागि स्थापना भएको कीटजन्य रोग अनुसन्धान केन्द्र त्यत्ति प्रभावकारी रुपमा अघि बढेको देखिंदैन।

लामखुट्टेको टोकाइबाट ब्याक्टेरिया, भाइरस र परजिवीद्वारा लाग्ने छ खतरनाक रोगहरु पर्दछन्। सङ्क्रमित एनोफिलिज लामखुट्टेको टोकाइले प्लाज्मोडियम परजीवीबाट लाग्ने औलो, एडिज एजिप्टाई र केही हदसम्म अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट डेंगु ज्वरो, एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट जिका फिवर, एडिज एजिप्टाई र अल्बोपिक्टस लामखुट्टेको टोकाइबाट चिकनगुनिया, लामखुट्टेको टोकाइबाट बुचेरीया ब्यान्क्राफ्टी, ब्रुइयामलयी, ब्रुइयाटिमोरीजस्ता परजीवीले लिम्फेटिक फिलिरियासिस र लामखुट्टेको टोकाइबाट जाप्नीज इन्सेफलाइटिस पर्दछन्। संसारभर लामखुट्टेको टोकाइबाट हरेक वर्ष १० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ। यसको अधिकांश हिस्सा औलोले लिने गरेको छ।

सफा पानीमा पाइने पोथी एडिस एजिप्टीले दिउँसो मात्र टोक्दा हुने डेंगु सङ्क्रमण टाइप १ बाट २ मा जाने, मृत्यु कम हुने क्लासिकबाट बढी मृत्यु हुने हेमोरेजिक र शक डेंगुमा जानसक्ने, मुलुकका केही स्थानका ठूला अस्पताल र मेडिकल कलेजमा मात्र उपलब्ध भेन्टिलेटर, जनचेतनामा कमी, रक्तसञ्चार सेवा तथा रगतको अभाव आदिले सङ्क्रमण बढे धेरै धनजनको क्षति हुनसक्छ।

# लेबनान र इजरायलका नेपालीको अवस्थाबारे 'अपडेट' भइ आवश्यक सहयोग गर्न निर्देशन



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले इजरायल र लेबनानमा रहेका नेपालीहरुको अवस्थाबारे जानकारी लिएर ' अपडेट' भइरहन त्यहाँस्थित नेपली दूतावासहरुलाई निर्देशन दिनुभएको छ ।

ती देशमा अवस्थित नेपाली राजदूतहरुसँग आइतबार मन्त्रालयबाट भर्चुअल बैठक गरी उहाँले इजरायल र लेबनानमा विकसित पछिल्लो परिस्थितिका बारेमा जानकारी लिनुभएको थियो । सो बैठकमा मन्त्री डा राणाले पछिल्लो समयमा विशेषगरी लेबनानमा विकसित परिस्थितिका कारण त्यहाँ रहेका नेपालीको अवस्थाबारे नेपालमा चिन्ता बढिरहेकाले उहाँहरु र उहाँका परिवारको सम्पर्कमा रहेर आवश्यक सहयोग गर्न निर्देशन दिनुभएको थियो ।

मन्त्री डा राणाले भन्नुभयो, "कुनै पनि प्रकारले त्यहाँ रहेका सबै नेपालीहरुको सम्पर्कमा पुग्ने प्रयास गर्नु, कोही तत्कालै स्वदेश फर्कनका लागि सहयोग चाहनुहुन्छ भने त्यसका लागि समन्वय गर्नु र यदि त्यहाँबाट नेपाली नागरिकको उद्धार गरेर स्वदेश ल्याउनुपर्ने अवस्था आउनसक्छ भने त्यसका लागि पनि आवश्यक गृहकार्य गर्नु ।

"मन्त्री डा राणाले सम्बन्धित देशका दूतावासहरुलाई सूचना जारी गरी सम्पर्क व्यक्ति तोक्न र आवश्यकताअनुसारका 'हेल्पडेस्क' स्थापना गरेर समस्यामा परेका नेपालीलाई आवश्यक सहायता र समन्वय प्रदान गर्न निर्देशन दिनुभएको थियो ।

इजिप्टका लागि नेपाली राजदूत सुशील लम्सालले लेबनानको पछिल्लो अवस्थाको जानकारी गराउँदै त्यहाँ रहेका नेपालीहरुलाई अहिले नै त्यस्तो कुनै समस्या नरहेको बताउनुभयो । त्यहाँ हाल करिब एक हजार दुई सय नेपाली रहेका अनुमान गरिएको र उहाँहरुमध्ये अधिकांश घरायसी काममा रहेका जानकारी दिँदै दूतावासले जारी गरेको सूचनाका आधारमा तीन जना मात्र सम्पर्कमा आएको र उहाँहरु पनि बेरुतमा सुरक्षित रहेको जानकारी दिएको उहाँले बताउनुभयो ।


**इजिप्टका लागि नेपाली राजदूत सुशील लम्सालले लेबनानको पछिल्लो अवस्थाको जानकारी गराउँदै त्यहाँ रहेका नेपालीहरुलाई अहिले नै त्यस्तो कुनै समस्या नरहेको बताउनुभयो ।**

हाल कुनै पनि नेपालीले आफूलाई समस्या परेको भनी जानकारी नगर्नुभएको तर नेपालमा रहेका आफन्तहरु बढी चिन्तित हुनुभएको पनि उहाँले जानकारी दिनुभयो ।

इजरायलका लागि नेपली कार्यवाहक राजदूत कुमार श्रेष्ठले इजरायलको अवस्था सामान्य रहेको र त्यहाँ रहेका करिब चार हजार पाँच सय नेपाली सुरक्षित रहनुभएको बताउनुभयो ।

सो अवसरमा पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारीले इरानको पछिल्लो अवस्थाबारे जानकारी दिनुभएको थियो ।रासस

# हेलिकप्टर प्रयोग गरेर भए पनि राहत वितरणलाई प्रभावकारी बनाउन गृहमन्त्रीको निर्देशन



पाटन । गृहमन्त्री रमेश लेखकले खोज, उद्धार र राहत वितरणलाई प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ । जिल्ला प्रशासन कार्यालय ललितपुरमा आइतबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा उहाँले हेलिकप्टर प्रयोग गरेर भएपनि राहत वितरण गर्न निर्देशन दिनुभएको हो ।

"विपदको समयमा सबै गुनासा र विमतिलाई थाती राखेर सबै मिलेर एककार भएर काम गर्नुपर्छ, ललितपुरमा ४५ जनाको मृत्यु भएको तथ्याङ्क छ र सरकारले दिने रु दुई लाख राहत ३९ जनाले पाउनुभएको छ", उहाँले भन्नुभयो, "बाँकी छ जनाले पनि तत्कालै पाउनुहुन्छ, पूर्ण रुपले घर क्षति भएका पाउन योग्य लाभग्राहीको नाम स्थानीय तहबाट तत्कालै पठाउनुस्, प्राधिकरणले नाम प्राप्त गरेको तीन दिनभित्र लाभग्रागीलाई पैसा पठाउँछ ।"

नागरिकले खुला आकास मुनि बस्न नपरोस् भन्नुहुँदै गृहमन्त्री लेखकले नागरिकले प्रमुख जिल्ला अधिकारी आएपछि पानी खान पाउँछु भनेर बस्नुपर्ने अवस्था आउनुहुँदैन भन्नुभयो ।"एकद्वार प्रणालीबाट राहात वितरण गर्ने भनिएपनि स्थानीय तहको जिम्मेवारीमा दिन सकिन्छ, सम्बन्धित पालिकाको समन्वयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी राखेर राहत व्यवस्थापन गर्न सकिन्छ, तहगत विभाग र विद्युत्, खानेपानी र सञ्चार क्षेत्रमा जिम्मेवारीमा रहेकाहरुले समस्या पहिचान गरेर समन्वय इमानदारीपूर्वक काम गर्नुहोस", गृहमन्त्रीले भन्नुभयो ।

उहाँले अहिलेको संविधान कानुनले चार तहको संरचना तय गरेको भन्नुहुँदै चारवटै विपद् व्यवस्थापनका संयन्त्रहरु जोडिएर मिलेर काम गर्नुपर्छ भन्नेमा जोड दिनुभयो । "विपद्मा सङ्घ, प्रदेश र स्थानीय तह तीन वटै तहको विपद् व्यवस्थापन समिति मिलेर काम गर्नुपर्छ, मानिसको आवागमन खोल्ने कुरा महत्त्वपूर्ण हुन्छ, मानिस बिरामी भएको ठाउँमा चिकित्सक पुऱ्याउन पनि गाह्रो छ", उहाँले भन्नुभयो, "जसरी भएपनि अहिले सडक खुलाउने काम गर्नुस्, जनशक्ति र साधन थपेर भएपछि टीकाभैरबको पुल सञ्चालन ल्याउनुपर्छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले घर पूर्ण क्षति भएकालाई अस्थायी आवास निर्माणका लागि प्रतिघर रु ५० हजार उपलब्ध गराउने व्यवस्था रहेको बताउनुभयो । उहाँले तथ्याङ्क उपलब्ध भएको तीन दिनभित्र रकम उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो ।पूर्वअर्थराज्यमन्त्री एवम् प्रतिनिधिसभा सदस्य उदयशम्शेर राणाले विपद् क्षेत्र घोषणा भएका स्थानीय तहलाई सडक मर्मतमा ध्यान दिन आग्रह गर्नुभयो । उहाँले धरापमा भएका घरहरुलाई मर्मतका लागि तत्कालै ध्यान दिन आग्रह गर्नुभयो ।ललितपुर क्षेत्र नं २ का सङ्घीय संसद प्रेमबहादुर महर्जनले भौतिक क्षतिको विवरण खोज्न मिहिन ढङ्गले लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले मानवीय संवेदना बुझेर काम गर्न राज्यले ध्यान दिनुपर्ने धारणा राख्नुभयो ।

बागमती प्रदेशका स्वास्थमन्त्री रामेश्वर श्रेष्ठले शुद्ध पिउने पानी र सञ्चार क्षेत्रमा ध्यान दिन आग्रह गर्नुभयो । उहाँले राहत वितरणलाई प्रभावकारी बनाउन पनि जोड दिनुभयो ।ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले महानगरपालिकाभित्र प्राकृतिक विपद्मा परी छ जनाको मृत्यु भएको जानकारी गराउनुहुँदै विपद् व्यवस्थापनमा आवश्यकता अनुसार प्रत्येक वडाले तत्कालै व्यवस्थापन गर्न सक्नेगरी बजेट व्यवस्थापन गरेको बताउनुभयो । गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले पालिकाभित्र २० जनाको मानवीय क्षति, एक सय आठ वटा सरकारी संरचनामा क्षति र ५५ वटा खानेपानी योजनामा क्षति पुगेको जानकारी दिनुभयो

उहाँले नल्लु र बासुकीको खानेपानी तत्कालै सञ्चालन गर्नुपर्ने भन्दै २७ वटा कल्भर्ट, तीन वटा पूल, २० वटा सडकखण्ड र दुई सय १६ घरमा क्षति पुगेको बताउनुभयो । उहाँले वटा नं. ७ देबिचौरमा हालसम्म विद्युत् र टेलिफोन सेवा पुग्न नसकेको जानकारी गराउनुभयो ।महालक्ष्मी नगरपालिका प्रमुख हरिगोविन्द श्रेष्ठले पालिकाभित्र सात जना मृत्यु भएको बताउनुभयो । उहाँले वडा नं ९ मा खानेपानीको समस्या रहेको, वडा नं. १० सम्म जाने सडक मर्मत भैरहेको र प्रभावित क्षेत्रमा लागत सङ्कलन भैरहेको जानकारी गराउनुभयो । महालक्ष्मी नगरपालिकाका वडा नं. १, ५ र ७ बढि प्रभावित भएको उहाँले जानकारी गराउनुभयो ।

कोञ्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले विपद्का कारण गाउँपालिकाभित्र खानेपानीको पाइपमा पूर्ण रुपमा क्षति भएकाले सञ्चार सम्बन्ध टुटेको जानकारी गराउनुभयो । उहाँले पालिकाभित्र एक सय ५० घर पूर्ण रुपमा क्षति भएको, नल्लु र भारदेउका बस्ती बगरमा परिणत भएको बताउनुभयो । उहाँले दुई वटा सामुदायिक र एउटा निजी विद्यालयमा क्षति भएको बताउँदै सबैभन्दा पहिलो बाटो सञ्चालनमा ल्याइ विद्युत् र सञ्चारलाई व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का जिल्ला अध्यक्ष शिव कट्टेल, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का जिल्ला अध्यक्ष पुरुषोत्तम आचार्य, नेपाली कांग्रेसका जिल्ला सचिव राजनप्रसाद घिमिरेलगायतले विपद्ले निम्त्याएको समस्या र समाधानबारे जानकारी गराउनुभएको थियो ।प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले घरमै पुगेर राहत वितरणका काम गरिरहेका जानकारी दिँदै अस्थायी आवास निर्माणका लागि स्थानीय तहलाई जिम्मा दिन सक्ने बताउनुभयो । उहाँले ललितपुरमा हालसम्म पनि छ जना बेपत्ता रहेको बताउनुभयो ।रासस

# स्वास्थ्य सेवामा स्वास्थ्यकर्मीहरु संवेदनशील हुन आवश्यकः मुख्यमन्त्री कार्की




मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मानव जीवनसँग प्रत्यक्ष जोडिएको स्वास्थ्य सेवामा स्वास्यकर्मीहरु संवेदनशील हुन आवश्यक रहेकोमा जोड दिनुभएको छ ।

प्रदेश स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको तीन दिने प्रदेशस्तरीय एकीकृत वार्षिक समीक्षा गोष्ठीको आइतबार उद्घाटन गर्दै उहाँले स्वास्थ्यकर्मीहरुले जनशक्तिको कमी, सीमित साधन स्रोतका वावजुत नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु भएकोमा प्रशंसा व्यक्त्त गर्नुभयो ।स्वास्थ्य मन्त्रालय समेत सम्हालनुभएका मुख्यमन्त्री कार्कीले प्रदेशका स्वास्थ्य क्षेत्रमा आवश्यक साधन स्रोतको पूर्तिका लागि नीतिगत रुपमा बजेटको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले प्रदेश सरकारले जनशक्ति, बजेटको कमी, साधनस्रोतको अभाव, क्षेत्रअधिकारका कारण सोचअनुसार स्वास्थ्य क्षेत्रमा कार्य गर्न नसकेको गुनासो समेत व्यक्त्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशको स्वास्थ्य सेवा क्षेत्रमा प्रतिस्पर्धामा सङ्घभन्दा उत्कृष्ट बनाउन स्वास्थ्यकर्मीहरु लाग्नु पर्नेमा जोड दिनु भयो ।मुख्यमन्त्री कार्कीले प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन डा महेन्द्र श्रेष्ठको अध्यक्षतामा एक कार्यदल गठन गरेको जानकारी दिँदै यसले दिएको सुझाव कार्यान्वयनले जनताले गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास जनाउनु भयो ।

स्वास्थ्य मन्त्रालयका कर्मचारीहरुको सरुवा, बढुवा र वृत्ति विकासलाई कार्यविधि बनाउन मापदण्डअनुसार कानुनद्वारा निर्देशित गर्ने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नु भयो ।

स्वास्थ्य निर्देशनालय धनकुटाका प्रमुख ज्ञानबहादुर बस्नेत, जनस्वास्थ्य प्रशासक योगराज घिमिरेले गोष्ठीबाट प्राप्त सुझावले आगामी दिन प्रदेशको स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रदानमा सहयोग पुग्ने विचार राख्नुभयो ।गोष्ठीमा प्रदेशका १४ जिल्लाका मन्त्रालयअन्तर्गतका अस्पताल, निजी अस्पताल, शिक्षण अस्पताल, आयुर्वेद कार्यालयको सहभागिता छ ।रासस

# जीवनोपयोगी शिक्षा आवश्यक छः मुख्यमन्त्री पाण्डे



लेखनाथ ।गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अनुसन्धानात्मक र जीवनोपयोगी शिक्षा आजको आवश्यकता भएको बताउनुभएको छ ।

पोखरा-३२ स्थित गण्डकी विश्वविद्यालयको मुख्य प्रशासनिक भवनको शनिबार शिलान्यास गर्दै मुख्यमन्त्री पाण्डले सीपमूलक शिक्षा दिन सक्यौं भने मात्र शिक्षित युवालाई स्वदेशमा रोक्न सकिने धारणा राख्नुभयो । विश्वविद्यालयले गर्ने अनुसन्धानको विषय नयाँ-नयाँ हुनुपर्ने भन्दै उहाँले विश्वविद्यालयले दिने शिक्षा गुणस्तरीय र सीपमूलक भएमा यसवा स्वरोजगार बन्न सक्ने बताउनुभयो ।

गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको गण्डकी विश्वविद्यालय सीमित स्रोत र साधनमा सञ्चालन हुँदै आएको बताउँदै उहाँले सधैँ सरकारले बजेट दिन नसक्ने हुँदा विश्वविद्यालय आत्मनिर्भरतातर्फ अगाडि बढ्नसमेत उहाँले सुझाव दिनुभयो ।

समयमा भवन निर्माण सम्पन्न गरी प्रभावकारी व्यवस्थापनसहित काम गरी अगाडि बढ्न उहाँले विश्वविद्यालय परिवारलाई आग्रह गर्नुभयो । विश्वविद्यालयमा राजनीति हुन नहुने भन्दै उहाँले विद्यार्थीका चाहना पूरा हुनेगरी शिक्षामा केन्द्रित हुन सबैलाई सुझाव दिनुभयो ।गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले बजारको मागलाई ध्यान दिँदै विश्वविद्यालयले आफ्ना पाठ्यक्रमको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

प्राविधिक र सीपमूलक शिक्षाले देशको बेरोजगारीलाई कम गर्न सकिने भनाइ उहाँको छ ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले विज्ञान र प्रविधिलाई अगाडि बढाउने लक्ष्यसहित सञ्चालनमा ल्याइएको उक्त विद्याविद्यालयले राजनीतिभन्दा माथि उठेर गुणस्तरीय शिक्षामा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।रासस

# 'सिन्धुपाल्चोकका विपद् प्रभावित अन्य पालिकालाई पनि सङ्कटग्रस्त सूचीमा समावेश गरौँ'



काठमाण्डु । सिन्धुपाल्चोकबाट सङ्घीय संसद् र प्रदेशसभामा प्रतिनिधित्व गर्ने सांसदहरूले केही दिनअघिको बाढीपहिरोबाट प्रभावित जिल्लाका सबै स्थानीय तहलाई 'विपद् सङ्कटग्रस्त क्षेत्र'को सूचीमा समावेश गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सङ्घीय सांसद माधव सापकोटाको नेतृत्वमा बागमती प्रदेशसभा सदस्य युवराज दुलाल, सरल सहयात्री पौडेल, अमृता नेपाल र कुमारी तामाङले शनिबार सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारीमार्फत सङ्कटग्रस्त क्षेत्रको सूची पुनरावलोकन गरी बढी क्षति भएका अन्य पालिकालाई पनि समावेश गर्न सरकारसँग माग गर्नुभएको हो ।

यही असोज १८ गते बसेको मन्त्रिपरिषद् बैठकले देशका विभिन्न १४ जिल्लाका ४१ वटा स्थानीय तहलाई 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको थियो । यससँगै सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका सङ्कटग्रस्त क्षेत्र घोषित भएको छ ।यही असोज ११ र १२ गतेको भारी वर्षासँगैको बाढी र पहिरोबाट सिन्धुपाल्चोकका लिसङ्खु पाखर, सुनकोशी र जुगल गाउँपालिकामा मानवीयसहित ठूलो भौतिक क्षति भएको उल्लेख गर्दै उहाँहरूले सङ्कटग्रस्त क्षेत्र घोषणासम्बन्धी सूची पुनरावलोकन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

"बलेफी, चौतारा साँगाचोकगढी, पाँचपोखरी थाङ्पाल र बाह्रबिसेमा ठूलो भौतिक क्षति तथा मेलम्ची र हेलम्बु विपद्बाट गुजिरहेका छन्, अरनिको लोकमार्गसहित सहायक राष्ट्रिय लोकमार्ग छियाछिया भएका छन्", ध्यानाकर्षणपत्रमा भनिएको छ, "सिन्धुपाल्चोकका सन्दर्भमा सङ्कटग्रस्त क्षेत्र घोषणा अपूर्ण र बिनातयारी गरिएको देखिन्छ । सरकारले अहिले गरेको निर्णयप्रति हाम्रो गम्भीर आलोचनासहित आपत्ति छ ।"सांसदहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम २०७७ असोजमा सिन्धुपाल्चोक र बागलुङ र २०७८ साउनमा पुनः सिन्धुपाल्चोक र मनाङ जिल्लालाई नै 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको तथ्य स्मरण गराउनुभएको छ ।रासस

# प्रधानमन्त्री उद्धार कोषमा नेपाल बैंकको दुई करोड



काठमाण्डु । नेपाल बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई करोड सहयोग गरेको छ ।

नेपाल बैंक सञ्चालक समितिका अध्यक्ष डा चन्द्रबहादुर अधिकारीसहितका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आइतबार उक्त चेक हस्तान्तरण गर्नुभयो । बाढी, पहिरो र डुबानका कारण प्रभावित जनताको राहतका लागि बैंकले उक्त सहयोग गरेको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले धन्यवाद दिँदै लगानीकर्ता र उद्योगधन्धालाई प्रोत्साहन हुने गरी कर्जा प्रवाह गर्न र खराब कर्जाप्रति कडाइका साथ काम गर्न आग्रह गर्नुभयो । उहाँले कसैको अनुहार नहेरी प्रणाली र कानुनअनुसार काम गर्न पनि आग्रह गर्नुभयो ।यसअघि शुक्रबार विभिन्न वित्तीय संस्थाबाट गरी रु तीन करोड ४८ लाखको चेक हस्तान्तरण भएको थियो ।मन्त्रिपरिषद्को गत सोमबारको बैठकले उक्त कोषमा प्रारम्भिकरुपमा रु एक अर्ब रकम जम्मा गर्ने निर्णय गरेको थियो । कोषमा अन्य संस्था र व्यक्तिहरुबाट सहयोगको क्रम जारी छ ।

**निर्माण व्यवसायी विकास परिषद्को एक करोड सहयोग**

नेपाल निर्माण व्यवसायी विकास परिषद्ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक करोड सहयोग प्रदान गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार परिषद्का अध्यक्ष एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चेकमार्फत सो रकम हस्तान्तरण गर्नुभएको हो ।

त्यस अवसरमा विकास निर्माणका काम र विद्यमान कानुनी एवं अभ्यासका क्रममा देखिएका व्यवहारिक समस्या फुकाउने विषयमा समेत छलफल भएको थियो । प्रधानमन्त्री ओलीले पटकपटक छलफल हुने तर समस्या यथावत् रहने अवस्था अन्त्य गर्न निर्देशन दिनुभयो । कार्यक्रममा गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मा, नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहलगायत उपस्थित हुनुहुन्थ्यो ।

**प्रधानमन्त्री उद्धार कोषमा एमालेको रु ५० लाख सहयोग**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ५० लाख सहयोग गरेको छ । आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट गरी एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायतले उक्त चेक हस्तान्तरण गर्नुभयो ।

प्रधानमन्त्री ओलीले साझा दायित्व सम्झिएर विपद्को सामना गर्नुपर्ने र यसको अगुवाइ सरकारले गर्ने बताउनुभयो । उहाँले तीनै तहका सरकार र राज्यका निकाय परिचालित भएर विपद्को सामना भइरहेको स्पष्ट गर्नुभयो ।एमालेको यही असोज १५ गतेको सचिवालय तथा संसदीय दलको बैठकले उक्त कोषमा रु ५० लाख र सांसदहरुको आधा महिनाको तलब बराबरको रकम प्रदान गर्ने निर्णय गरेको थियो ।त्यस अवसरमा गृहमन्त्री रमेश लेखक, एमालेका महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरु प्रदीपकुमार ज्ञवाली, विष्णुप्रसाद रिमाल, पृथ्वीसुब्बा गुरुङ, सचिव रघुबीर महासेठलगायतका नेताहरु सहभागी हुनुहुन्थ्यो ।रासस

# अर्थ मन्त्रालयद्वारा स्रोत व्यवस्थापनको गृहकार्य सुरु




काठमाण्डु । अर्थ मन्त्रालयले बाढीपहिरोका कारण अर्थतन्त्रमा परेको प्रभाव र स्रोतको व्यवस्थापनबारे गृहकार्य सुरु गरेको छ ।

अर्थ मन्त्रालय उच्च व्यवस्थापन समूहको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले यही असोजको दोस्रो साता आएको बाढीपहिरोले गर्दा धेरै ठूलो जनधनको क्षति भएको र उद्धार, राहत र पुनःनिर्माणमा थप स्रोत लाग्ने भएकाले त्यसको गृहकार्य गर्न निर्देशन दिनुभएको हो ।

अर्थमन्त्री पौडेलले अर्थतन्त्र सुधारतर्फ गइरहेका बेला बाढीपहिरोले गर्दा मानवीय क्षतिका साथसाथै निजी आवास, सडक, जलविद्युत्, शैक्षिक संस्था, कृषि, व्यवसायलगायतका क्षेत्रमा भएको क्षतिले अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्ने भएपनि राहत र पुनःनिर्माणलाई व्यवस्थित रुपमा अघि बढाएर आर्थिक वृद्धिको आधार तयार पार्ने गरी काम गर्न आवश्यक भएको बताउनुभयो ।रासस

# इजरायल-हमास युद्ध अन्त्यका लागि बेलायत, जर्मनी र फ्रान्सको आग्रह

एएफपी

लण्डन। इजरायल-हमास युद्ध तत्काल रोक्न युद्धविराम गरिनुपर्ने बेलायत, जर्मनी र फ्रान्सले बताएका छन्।

बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले इजरायल र हमासबीचको एक वर्ष लामो द्वन्द्व अन्त्य गर्न सबै पक्ष संयमित बन्नुपर्ने र गाजामा युद्धविराम गरिनुपर्ने बताउनुभएको छ।

गाजा युद्धको प्रभावले बेलायतमा पनि सामुदायिक सम्बन्धमा असर पारेको उहाँले बताउनुभयो। उहाँले युद्धविरामको विकल्प नरहेका बताउनुभयो।

प्यालेस्टिनी लडाकू समूहले अक्टोबर ७ मा इजरायलविरुद्ध गरेको अकल्पनीय आक्रमणको एक बर्ष पुग्नुभन्दा एक दिन अगाडि आफ्नो धारणा राख्दै स्टार्मरले सन्डे टाइम्समा लेख्नुभएको छ, "यसले हाम्रो आफ्नै समुदायमा पनि विवाद सिर्जना गरेको छ।"

"इजरायल र मध्यपूर्व हाम्रो देशको इतिहासबाट अविभाज्य मात्र होइनन्। उनीहरूको हाम्रो बहुसांस्कृतिक समाजसँग गहिरो सम्बन्ध छ", स्टार्मरले भन्नुभयो, "लाखौंको यस क्षेत्रसँग पारिवारिक सम्बन्ध छ।"अक्टोबर ७ मा भएको आक्रमणपछि इजरायलले गाजा पट्टीमा निरन्तर बमबारी गर्दै आएको छ।

पछिल्लो दुई हप्तामा लेबनानमा इजरायलले हमासको इरान समर्थित लडाकू समूह हिजबुल्लाहविरुद्ध गरेको आक्रमण र इरानले इजरायलमाथि प्रहार गरेको ब्यालेस्टिक क्षेप्यास्त्रका कारण द्वन्द्व थप चर्किएको छ।

स्टार्मरले 'इरानी आक्रमणको सामना गर्न बेलायत इजरायलको साथमा उभिने' बताए पनि उहाँले 'अर्को पुस्तालाई आघात, अनाथ र विस्थापित गरेर राम्रो भविष्यको सुनिश्चितता नहुने बताउनुभयो।

"अक्टोबर ७ को आक्रमणको वर्षगाँठले हामीलाई राजनीतिक असफलताको मूल्यको सम्झना दिलाउनुपर्छ", उहाँले भन्नुभयो, "ठूलो अस्थिरतामा कुनै सुरक्षा फेला पर्नेछैन।"

गत बर्ष हमासले गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो। इजरायलले गाजामा हमासविरूद्ध



चलाएको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४१ हजार ८७० जनाको मृत्यु भएको छ। दुवै पक्षको आक्रमणमा ज्यान गुमाएका व्यक्तिमध्ये अधिकांश सर्वसाधारण थिए। हमासको आक्रमणको एक बर्षको पूर्वसन्ध्यामा लण्डनलगायत विश्वभरि युद्धविराम गर्न दवाव दिन विश्वका अधिकांश प्रमुख सहरहरूमा प्रदर्शन गरिएको छ।

पछिल्लो एक वर्षमा बेलायतमा यहूदी र मुस्लिम समुदायविरुद्ध 'घृणित हिंसा' बढेको भन्दै स्टार्मरले भन्नुभयो, "हाम्रो भिन्नता र विविधताले हामीलाई अलग्याउने होइन अझ बलियोसँग बाँधेर राख्नुपर्छ।"

बेलायतस्थित धार्मिक सङ्घसंस्था तथा तीनका नेताहरूले पनि आइतबार सन् २०२४ को अगस्ट ७ (आक्रमणको एक बर्ष पुगेको दिन) जनताका लागि 'सबै प्रकारका पूर्वाग्रह र घृणा' लाई अस्वीकार गर्ने अवसर हुनुपर्ने बताएका छन्।

क्यान्टरबरीका आर्कबिशप जस्टिन वेल्बी, प्रमुख रब्बी एप्रैम मिरविस र मस्जिद र इमामहरूको राष्ट्रिय सल्लाहकार बोर्डका अध्यक्ष इमाम कारी असिमले एक संयुक्त पत्र लेख्दै भनेका छन् कि उनीहरू 'सर्वसाधारण इजरायली र गाजाबासीको दुःखलाई अन्त्य गर्न ऐक्यवद्ध छन्।

संयुक्त पत्रमा भनिएको छ, "यो चुनौतीपूर्ण समयमा हामीलाई विभाजन गर्न खोज्नेहरूलाई पनि हामीले अस्वीकार गर्नुपर्छ। यहूदी विरोधी घृणा र मुस्लिम विरोधी घृणाको आज बेलायतमा कुनै स्थान छैन।"

**जर्मनी**

गाजा युद्धको सोमबार एक बर्ष पुग्ने र यसको पूर्वसन्ध्यामा आइतबार फेरि जर्मनीका चान्सलर ओलाफ स्कोल्जले युद्धविरामको आह्वान गर्नुभएको छ।

"दुर्भाग्यवश, इजरायलमा हमासले गरेको आतङ्ककारी आक्रमणको यो पहिलो वर्षगाँठमा मध्यपूर्वमा शान्ति वा मेलमिलाप पहिलेभन्दा धेरै टाढा देखिन्छ," स्कोल्जले एक भिडियो सन्देशमा भन्नुभयो।

जर्मन सरकारले युद्धविरामका लागि निरन्तर वकालत गरिरहेको छ। उहाँले भन्नसुभयो, "द्वन्द्वरत पक्षले अब अरू ढिला गर्नुहुन्न युद्धविरामको घोषणा गरिहाल्नुपर्छ ताकि गाजा पट्टीमा नागरिक जनसङ्ख्यालाई अझ राम्रो संरक्षण गर्न सकियोस् र निःसन्देह, अझ राम्रो हेरचाह गर्न सकियोस् र इजरायली बन्धकहरूलाई रिहा गर्न सकियोस्।"

**फ्रान्स**

यसअघि, शनिबार फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौंले इजरायललाई गाजामा प्रयोग गर्नका लागि हतियार वितरणमा रोक लगाउन आह्वान गर्नुभएको थियो।

म्याक्रौंले लेबनानमा स्थल कारबाहीका लागि नेतन्याहूले सेना पठाउने निर्णयको पनि आलोचना गर्नुभएको थियो।

याक्रोंले फ्रान्सेली प्रसारक फ्रान्स इन्टरसँग भन्नुभयो, "मलाई लाग्छ आजको प्राथमिकता भनेको हामी राजनीतिक समाधानमा फर्कनु हो र हामीले गाजामा लड्नका लागि हतियार आपूर्ति गर्न बन्द गर्छौं।"

युद्धविरामका लागि पटक-पटक आह्वान गरिए पनि गाजामा जारी द्वन्द्वप्रति म्याक्रौंले चिन्ता व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, "मलाई लाग्छ हाम्रो कुरा सुनिएको छैन। मलाई लाग्छ यो इजरायलको सुरक्षासहित गल्ती हो। युद्धले 'घृणा' निम्त्याइरहेको छ।

**इजरायल**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले आफ्नो कार्यालयद्वारा जारी विज्ञप्तिमा भन्नुभएको छ, "इजरायलले इरानको नेतृत्वमा बर्बरताविरुद्ध लडिरहेको अवस्थामा सबै सभ्य देशहरु इजरायलको पक्षमा दृढताका साथ उभिनुपर्छ।"

विज्ञप्तिमा भनिएको छ, "राष्ट्रपति म्याक्रौं र अन्य पश्चिमा नेताहरूले अहिले इजरायलविरुद्ध हतियार प्रतिबन्धको माग गरिरहेका छन्। यो निर्णयले उनीहरूलाई लज्जित पार्नेछ।"

इजरायलले इरानसमर्थित समूहविरुद्ध विभिन्न मोर्चामा युद्ध लडिरहेको विज्ञप्तिमा उल्लेख छ।

# क्यानडामा नेपाल टोलीको जित

काठमाण्डु। क्यानडा भ्रमणमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले स्थानिय टोलीलाई ५० ओभरको अभ्यास खेलमा पराजित गरेको छ।

टोरोन्टोको किंग सिटीमा भएको खेलमा नेपाल २० रनले विजयी भयो। १ सय ७७ रनको लक्ष्य पछ्याएको क्यानडाको स्थानिय टोलीले ४५.३ ओभरमा अल आउट हुदै १ सय ५६ रन मात्र जोड्न सक्यो।

स्थानिय टोलीका ओलिभर कक्सले ७८ बलमा सर्वाधिक ३९ रन बनाउँदा मुनिर अहमदले ५७ बलमा ३६ रन जोडे। ओपनर युवराज शर्माले ३१ बलमा २३ रन जोड्दा कप्तान अलि नदिमले २८ बलमा २० रन बनाए।

नेपालका ललित नारायण राजवंशी र गुलशन कुमार झाले समान २ तथा दीपेन्द्रसिंह ऐरी, रिजन ढकाल र कुशल भुर्तेलले



समान १ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४६.१ ओभरमा अल आउट हुनु पुर्व १ सय ७६ रन जोड्यो।

नेपालका लागि कप्तान सोमपाल कामीले ३३ बलमा सर्वाधिक ३१, दीपेन्द्रसिंह ऐरीले ४० बलमा २७, ओपनर अनिल शाहले २५ तथा आरिफ शेखले १८ रन जोडे।

स्थानिय टोलीका लागि इरफान सदात, शहिद अहमदजाइ, सुखजिन्दर सिंह र निशान्त भार्गभले समान २ तथा शिल पटेल रराना सलमानले समान १ विकेट लिए।

विश्वकप लिग टुका लागि अमेरिका जानु अघि नेपालले अभ्यास खेल खेलेको हो।

# गाजास्थित मस्जिदमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु

एएफपी

गाजा। गाजाको नागरिक सुरक्षा निकायले आइतबार मध्य देइर अल-बालाहमा रहेका एक



मस्जिद परिसरमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु भएको जनाएको छ।

मस्जिदलाई पछिल्लो समय विस्थापितहरूलाई राख्ने आश्रयस्थल बनाइएको थियो।

"गाजाको मध्य क्षेत्र देइर अल-बालाहस्थित अल अक्सा शहीद अस्पतालको गेटअगाडि इजरायलले गरेको बमबारीका कारण मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ भने ठूलो सङ्ख्यामा घाइते भएका छन्," एजेन्सीका प्रवक्ता महमुद बसालले भन्नुभयो।

इजरायली सेनाले एक विज्ञप्ति जारी गर्दै आक्रमणको जिम्मेवारी लिएको छ। विज्ञप्तिमा भनिएको छ, "मस्जिदमा रहेको कमाण्ड एण्ड कन्ट्रोल सेन्टरभित्र सक्रिय हमासका आतङ्ककारीमाथि आक्रमण गरिएको हो।"

# पहिलो द्विपक्षीय भ्रमणका लागि माल्दिभ्सका राष्ट्रपति मुइज्जु भारत प्रस्थान

एएनआई

माले। माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु आइतबार प्रथम महिला साजिदा मोहम्मदसँग भारतको राजकीय भ्रमणका लागि प्रस्थान गर्नुभएको मुलुकको राष्ट्रपति कार्यालयले जनाएको छ। यो मुइज्जुको भारतको पहिलो द्विपक्षीय भ्रमण हो।

"राष्ट्रपति डा. एम. मुइज्जु र प्रथम महिला साजिदा मोहम्मद गणतन्त्र भारतको राजकीय भ्रमणका लागि प्रस्थान गर्नुभयो", माल्दिभ्सको राष्ट्रपति कार्यालयले सामाजिक सञ्जाल एक्समा भनेको छ, "भारतका राष्ट्रपति द्रौपदी मुर्मूको निमन्त्रणामा यो भ्रमण भएको हो र यो राष्ट्रपति मुइज्जुको भारतको पहिलो द्विपक्षीय भ्रमण हो।"

हालै न्युयोर्कमा भएको ७९औं संयुक्त राष्ट्रसङ्घीय महासभाको साइडलाइनमा मुइज्जुले जतिसक्दो चाँडो भारत भ्रमण गर्ने योजना बनाइरहेको बताउनुभएको थियो। उहाँले दुई मुलुकबीच 'धेरै बलियो' द्विपक्षीय



सम्बन्धको समेत प्रशंसा गर्नुभयो।

मुइज्जुले यस वर्ष भारत भ्रमण गर्नुभएको यो दोस्रो पटक हुनेछ। यसअघि गत जुनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा उहाँले भारत भ्रमण गर्नुभएको थियो।

यसअघि माल्दिभ्सका प्राय हरेक राष्ट्रपतिले आफ्नो पहिलो विदेश भ्रमण भारतमा गर्ने गरेका थिए तर मुइज्जुले पदभार ग्रहण गरेपछि पहिले टर्की र त्यसपछि चीनको भ्रमण गरेर यो परम्परालाई तोड्नुभयो।

माल्दिभ्समा मोहमम्मद मुइज्जु सरकारले भारतसँगको सम्बन्ध बिग्रिएर कूटनीतिक विवाद उत्पन्न भएपछि मेलमिलापको दृष्टिकोण अपनाएको छ।

सत्तामा आएपछि मुइज्जुले भारत-माल्दिभ्स सम्बन्धको दृष्टिकोणबाट केही अपरम्परागत कदम चाल्नुभएको छ। राष्ट्रपति निर्वाचनका क्रममा उहाँले आफ्नो अभियान 'इन्डिया आउट' का रूपमा चलाउनुभयो। माल्दिभ्सबाट भारतीय सैनिकहरू हटाउने उहाँको पार्टीको प्रमुख निर्वाचन अभियान थियो।

# भारतीय गाउँलेहरूले नरभक्षी बथानको अन्तिम ब्वाँसोलाई मारे

एएनआई

बहराइच। महिनौंको त्रासपछि बहराइचको महसी क्षेत्रमा आतङ्क मच्चाउने छ वटा ब्वाँसोको बथानलाई अन्ततः नष्ट गरिएको छ। शनिबार तमाचपुर गाउँमा एउटा बाख्रा शिकार गर्ने प्रयास गर्दा गाउँलेहरूले अन्तिम ब्वाँसोलाई पिटेर मारे।

त्यसपछि गाउँमा आएर वन विभागले मृत ब्वाँसोलाई बरामद गऱ्यो। शव परीक्षणपछि थप कदम चालिने बताइएको छ।

"धेरै दिनदेखि विभागको टोलीहरूले अन्तिम ब्वाँसोलाई समात्न प्रयास गरिरहेका थिए, गाउँमा एउटा मृत जनावर रहेको जानकारी प्राप्त भएपछि हाम्रो टोलीले तुरुन्तै गएर हेर्दा त्यहाँ एउटा मृत ब्वाँसो थियो र उसको शरीरमा घाउका चिह्नहरू थिए", बहराइच जिल्लाका वन अधिकारी अजित सिंहले भन्नुभयो, "गाउँले वा अन्य कसैले यसलाई मारेको हुनसक्छ, हामी यसको अनुसन्धान गर्नेछौं, अनुसन्धानपछि मात्र केही थप भन्न सक्छौं।"

गत केही महिनादेखि यी



छ वटा ब्वाँसको बथानले उत्तर प्रदेशको बहराइच जिल्लाको महसी तहसिलका धेरै गाउँमा आतङ्क मच्चाएको थियो।

यसअघि उत्तर प्रदेश वन विभागले बहराइच वन प्रभागको बहराइच रेन्जअन्तर्गत महसी तहसिलका २५/३० गाउँमा हालैका आक्रमणका लागि जिम्मेबार ब्वाँसोको बथानलाई पक्रन 'अपरेसन भेडिया' सुरु गरेको थियो। वन विभागले सेप्टेम्बर १० मा पाँचौं 'हत्यारा' ब्वाँसोलाई पक्रेको थियो।

छैटौं ब्वाँसोलाई पक्रन बहराइचको वन विभागले त्यस क्षेत्रमा ब्वाँसोहरूको सम्भावित बासस्थानमध्ये धेरैजसो स्थानमा कुनै पनि गतिविधि निगरानी गर्न स्न्याप क्यामेराहरू जडान गरेको थियो।

स्थानीय गाउँलेहरूले सिकन्दरपुर गाउँमा ब्वाँसोहरूको बासस्थान भनेर दाबी गरेका छ वटा गुफा परपर तीनवटा स्न्याप क्यामेरा जडान गरिएका थिए।

बहराइचका विभिन्न गाउँमा अहिलेसम्म नरभक्षी ब्वाँसोहरूको आक्रमणका कारण नौ जनाको मृत्यु भएको छ भने ४० भन्दा बढी घाइते भएका छन्।

# सन् २०५० मा १० प्रतिशतभन्दा बढी जापानी वृद्धवृद्धाको नजिकको नातेदार नहुने : सर्वेक्षण

एएफपी

टोकियो। जापानमा सन् २०५० मा ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको सङ्ख्या १.५ गुणाले वृद्धि हुने र १० प्रतिशतभन्दा बढी वृद्धवृद्धा नजिकको आफन्तबिहीन हुने स्थानीय सञ्चारमाध्यमले हालै सार्वजनिक रिपोर्टलाई उद्धृत गरी आइतबार जनाएका छन्।

जापान रिसर्च इन्स्टिच्युटले गरेको सर्वेक्षणअनुसार हाल ६५



वर्ष वा सोभन्दा बढी उमेर समूहका वृद्धवृद्धाको सङ्ख्या ४४ लाख ८० हजार छ। सन् २०५० सम्ममा यो सङ्ख्या तीन करोड ९० लाखभन्दा माथि पुग्ने अनुमान गरिएको छ।

क्योदो न्यूजका अनुसार जापानमा विवाह गर्नेको सङ्ख्या कम भएकाले वृद्ध जनसङ्ख्या बढ्दै गएको र यस्तो अवस्थामा अवस्थामा अस्पताल र हेरचाह गृहका रहेका वृद्धवृद्धाको कसले ग्यारेन्टीको भूमिका निर्वाह गर्ने भन्ने चिन्ता बढेको छ।

जापानको नागरिक संहिताले आफ्नो वृद्ध परिवारका सदस्यलाई सहयोग गर्ने जिम्मेवारी तीन पुस्ता भित्रका नातेदारलाई दिएको प्रतिवेदनमा उल्लेख छ।

नेशनल इन्स्टिच्युट अफ पपुलेशन एण्ड सोसियल सेक्युरिटी रिसर्चको तथ्याङ्कमा आधारित अनुमानअनुसार कुनै नजिकको नातेदार नभएका र सार्वजनिक दीर्घकालीन हेरचाह बीमा अन्तर्गत दीर्घकालीन हेरचाह वा समर्थनको आवश्यकता को रूपमा प्रमाणित भएका वृद्ध व्यक्तिहरू २०५० मा तीन करोड ४० हजार देखि पाँच करोड ९० हजारसम्म पुग्ने अनुमान गरिएको छ।

# आकस्मिक बाढीमा उत्तरी थाइल्यान्डमा दुई हात्तीको मृत्यु

एएफपी

बैंकक। थाइल्यान्डको लोकप्रिय पर्यटकीय स्थल च्याङ माईमा आएको आकस्मिक बाढीमा डुबेर दुई हात्तीको मृत्यु भएको उनीहरूको आश्रयदाताले आइतबार बताएका छन्। बाढीका कारण स्थानीय अधिकारीहरूले पर्यटकहरूलाई होटलहरूबाट खाली गराए र सहरको केन्द्रमा रहेका पसलहरू बन्द गरेका छन्। दादा नाम बताउने कर्मचारीले च्याङ माई प्रान्तको एलिफेन्ट नेचर पार्कमा रहेका एक सयभन्दा बढी हात्तीलाई तीव्र गतिमा बढिरहेको बाढीको पानीबाट उच्च स्थानमा सारिएको बताउनुभयो।

यद्यपि स्थानीय सञ्चारमाध्यमहरूका अनुसार १६ वर्षीया फहसाई र ४० वर्षीय प्लोइथोन (अन्धो) नामक दुई हात्ती शनिबार मृत फेला परेका थिए। "मेरो सबैभन्दा खराब सपना त्यतिबेला सत्य भयो जब मैले आफ्ना हात्तीहरू पानीमा तैरिरहेको देखें", आगामी वर्षको मनसुनअगावै उनीहरूलाई उच्च स्थानमा सार्ने प्रतिबद्धता जनाउँदै उत्तरी थाइल्यान्डमा एलिफेन्ट नेचर पार्कका निर्देशक सेन्दुएन चाइलर्टले स्थानीय सञ्चारमाध्यमलाई भन्नुभयो, "म फेरि यस्तो हुन दिन्नँ, म उनीहरूलाई यस्तो बाढीबाट पुनः भाग्न लगाउँदिन।"

च्याङ माई सहरको केन्द्रमा मानिसहरू राति बजारमा घुँडासम्म आउने हिलो पानीमा हिँडिरहेका थिए। अहिले बन्द गरिएको केन्द्रीय रेल स्टेसनमा पानी पसेको छ।

पर्यटकहरूलाई होटलहरूबाट खाली गर्न बाध्य बनाइयो। एक स्थानीय टेलिभिजन स्टेसनले एक भिक्षुलाई बाढीको पानीबाट शव बोकेर दाहसंस्कार स्थलमा लगिरहेको देखाएको थयो।

# इजरायली धम्कीपछि इरानका तेलमन्त्रीद्वारा प्रमुख स्थलको भ्रमण

एएफपी

तेहरान। इरानको तेल सुविधा जस्ता महत्त्वपूर्ण स्थललाई लक्षित गर्ने सम्भावित इजरायली हवाई आक्रमणको चिन्ताका बीच इरानका तेलमन्त्री मोहसेन पाकनेजादले आइतबार खार्ग टापूमा रहेको एउटा तेल सुविधाको भ्रमण गर्नुभएको छ।

इरानले यस साता आफ्नो कट्टर शत्रुमाथि क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले 'जवाफी कारवाहीको तयारी गरिरहेको' एक इजरायली अधिकारीले बताएपछि यो भ्रमण भएको हो।

सेप्टेम्बर २७ मा बेरुतमा भएको आक्रमणमा हिजबुल्लाहका नेता हसन नसरल्लाह र इरानी जनरल अब्बास निलफोरोसनको मृत्युको बदला लिन दुई सय क्षेप्यास्त्र प्रहार गरिएको इरानको रिभोल्युसनरी गार्ड कर्प्सले बताएको थियो।

पाकनेजादले बिहान खार्ग टापूको तेल सुविधामा पुगेर कर्मचारीहरूसँग भेट गर्नुभएको उहाँको मन्त्रालयको समाचार एजेन्सी शानाले बताएको छ।



"हामी हाम्रा शत्रुहरूले सङ्कट उत्पन्न गर्नेछन् भन्ने कुराले डराउँदैनौं र यस क्षेत्रको भ्रमण एउटा सामान्य व्यावसायिक भ्रमण हो", उहाँले सरकारी टेलिभिजनमा भन्नुभयो।

खाडीमा अवस्थित खार्ग टापू इरानको सबैभन्दा ठूलो कच्चा तेल निर्यात टर्मिनल भएको स्थान हो।

इरानले मङ्गलबार आफ्नो क्षेत्रमा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ तयार गरिरहेको इजरायलको घोषणापछि पाकनेजादको भ्रमण भएको हो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार इरानका तेल सुविधाहरूमा सम्भावित आक्रमणबारे इजरायलसँग 'छलफल गरिरहेको' बताउनुभएको थियो। उक्त भनाइपछि तेलको मूल्य बढेको थियो।

तर शुक्रबार बाइडेनले इजरायललाई इरानका तेल सुविधाहरूमा आक्रमण नगर्न बरु 'अन्य विकल्प' खोज्न आग्रह गर्नुभएको थियो।

इजरायली धम्कीपछि इरानका विदेशमन्त्री अब्बास अराघचीले शनिबार इजरायलले इरानमाथि आक्रमण गरे 'इरानबाट समानुपातिक र समान प्रतिक्रिया हुने र अझ बलियो' हुने चेतावनी दिनुभएको थियो।

# चाडपर्व नजिकिएसँगै घर फर्कंदै नेपाली



कैलाली । नेपालीहरुको महानचाड बडादसैं तथा दिपावली नजिकीएसँगै रोजगारीका लागि छिमेकी मुलुक भारत गएकाहरु घर फर्कन थालेका छन् । कैलालीको त्रिनगर नाकाबाट दिनहुँ नेपाली स्वदेश भित्रिने क्रम बढ्दै गएको सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सिमा सुरक्षा गुल्म धनगढीले जनाएको छ ।

त्रिनगर सीमा नाकाबाट एक सातामा छ हजार नौ सय ४७ जना नेपाली भित्रिएका सीमा सुरक्षा गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक राजेश उप्रेतीले जानकारी दिनुभयो । उहाँका अनुसार यही असोज १२ गते तीन सय १८, १३ गते तीन सय चार, १४ गते तीन सय ९८, १५ गते छ सय तीस, १६ गते छ सय ८०, १७ गते एक हजार ९०, १८ गते एक हजार पाँच सय ६९ र १९ गते एक हजार नौ सय ५८ जना नेपाली भारतका विभिन्न सहरबाट घर फर्किएका हुन् ।

यात्रुहरुको आवतजावतमा सहजताका लागि बडादसैं, तिहार र छठपर्वसम्म सीमा नाकामा यात्रु सहायता कक्षसमेत निर्माण गरिएको छ । बाजुराका मनोज कडारा पाँचजना परिवारसहित सोही नाकाबाट घर फर्कनुभएको छ। दश वर्षदेखि भारतको मुम्बईमा सेक्युरिटी गार्डको जागिर गर्दै आउनुभएका कडाराले चाडपर्व मनाउनका लागि घर फर्केको बताउनुभयो ।

भन्सार सीमा नाकामा हेल्प डेक्स निर्माणसँगै घर फर्कंदा पहिला भन्दा धेरै सहज भएको उहाँको भनाइ छ । "चाडपर्वमा परिवारका सदस्यबीच एकसाथ भेटघाट हुने, मिठामिठा स्थानीय खानाका परिकार खाइ रमाइलो गरी मनाउने गरिन्छ", कडाराले भन्नुभयो, "जसले घर बाहिर लामो समय एक्लो भएर बस्दाको तनाब कम हुन्छ ।" भारतको राजकोटबाट रोजगारी गरी घर फर्कंदै गरेकी कैलालीको बौनियाकी शारदा साउदले बडादसैंमा टीका थाप्नुका साथै पारिवारिक भेटघाट र खेतीपाती भित्र्याउन आफू घर फर्केको बताउनुभयो । भारतको मुम्बईमा होटलमा रोजगारी गरी फर्कंदै गरेका कञ्चनपुरको पुनर्वास नगरपालिकाका रोशन विश्वकर्माले चाडपर्व मनाउनका लागि घर फर्केको बताउनुभयो ।

यस क्षेत्रका सर्वसाधारण युवा रोजगारी गर्न छिमेकी मुलुक भारत जाने गर्दछन् । खेतीपाती भएकाहरु आफ्नो काम सम्पन्न गरी अन्नबाली नभित्रिञ्जेल भारतमा काम गर्न जाने र फसल प्राप्त हुने समयमा घर आउने गर्दछन् भने खेतीपाती नहुनेहरु लामो समयको अन्तरालपछि चाडवाड मनाउन घर आउने गरेका पाइन्छन् । सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुरलगायत पहाडी जिल्लाका मानिस रोजगारका लागि भारतको मुम्बई, दिल्ली, पिथौरागड, नासिक, पञ्जाब, अहमदाबादलगायत ठूला सहरमा जाने गर्दछन् ।रासस

# हरियो सिङ भएका खसीबोका खरिद गर्न सुझाव

काठमाण्डु । काठमाडौं उपत्यकामा खसीबोका पश्चिम तराई र आसपासका सल्यान, सुर्खेत, रुकुम, रोल्पा, गुल्मी, अर्घाखाँचीबाट भित्रने क्रम सुरु भएको छ।

चौपाया खरिद बिक्री सङ्घका अध्यक्ष सन्तोषबहादुर खत्रीका अनुसार बाढी पहिरोका कारण बाटो अवरुद्ध हुँदा खोटाङ, ओखलढुङ्गा,



रामेछाप, सिन्धुली, उदयपुर र काभ्रेबाट खसीबोका ल्याउन कठिन भएको छ। हरेक वर्ष दसैंमा काठमाडौं उपत्यकामा ४५ हजार खसीबोका ल्याइने गरेको छ। यसैगरी मनाङ र मुस्ताङबाट भेडाच्याङ्ग्रा र ल्याइँदै छन् ।

काठमाडौं उपत्यकामा अहिले तराईका खसी जिउँदो प्रतिकिलो रु सात सय २० देखि सात सय ५५, पहाडका खसी रु छ सय ७० देखि सात सय पाँच, बोका रु छ सय ७० देखि सात सय २० सम्म र च्याङ्ग्रा प्रतिकिलो रु एक हजार तीन सयमा बिक्री भइरहेका छन् । काठमाडौं उपत्यकाको टुकुचा खोला किनारको बजारबाट ११ हजार खसीबोका बिक्री हुने गरेका अध्यक्ष खत्रीले जानकारी दिनुभयो ।

**सिङमा हरियो रङ छिटेको हेर्नुस्**

यसैबीच, पशु सेवा विभागले उपभोक्ताको स्वास्थ्यलाई दृष्टिगत गर्दै खसीबोका बिक्री भइरहेका स्थानमा पशुचिकित्सकको टोली खटाएर अनुगमन एवं परीक्षण गरिरहेको छ। टुकुचामा खसीबोका स्वास्थ्य परीक्षण गरिरहनुभएका पशु चिकित्सक योगेन्द्रप्रसाद शर्माले रासससँगको कुराकानीमा भन्नुभयो, "स्वस्थ खसीबोका बिक्री हुन्छन्, बिरामी बेच्न दिइन्न ।" विभागले स्वस्थ खसीबोकाको सिङमा हरियो र बिरामीलाई रातो रङ लगाएको बताउँदै स्वस्थ चौपाया खरिद गर्न सुझाउनुभयो ।रासस

# व्यापारीको गुनासोः सोच जस्तो छैन व्यापार



काठमाण्डु । "रोजी रोजी र छानी छानी, आउनुहोस् आधा छुटमा सामान लैजानुहोस्" न्युरोडका फेन्सी व्यापारी आरब रेग्मीले ग्राहकलाई यसैगरी लोभ्याइरहनुभएको छ। तर ग्राहकको संख्या भने पातलो छ।

दसैं र तिहार जस्ता चाडपर्वमा राम्रो व्यापार गर्ने व्यापारीको लक्ष्य हुन्छ । तर यसपटक भने राम्रो व्यापार नभएको उहाँको अनुभव छ । उहाँ भन्नुहुन्छ, "दुई/चार रुपैयाँ कमै नाफा खाएर सामान कटाउने योजना हो तर यसपाली व्यापार कम छ।"

पर्वको मुखैमा प्राकृतिक विपत्को असर बजारमा देखिएको उहाँको भनाइ छ । यद्यपि फुलपाती सुरु भएपछि व्यापार बढ्छ की भन्ने उहाँको झिनो आशा छ । दसैंमा किनमेलका लागि न्युरोडमा भेटिनुभएकी नुवाकोटकी सुनिता छिनाललाई आफ्नो भन्दा छोराछोरीको खुसी महत्वपूर्ण लाग्छ । चिसो मौसम सुरु भएकाले दसैंमा छुटको मौका छोपेर बालबच्चाका लागि लुगाफाटा किन्ने गर्नुहुन्छ । "आफ्नो भन्दा छोराछोरीलाई दसैंमा खुसी पार्न पाए हुन्थ्यो भन्ने लाग्छ", उहाँले भन्नुभयो ।

ठमेलमा किनमेल गर्न पुग्नुभएका गोपाल बुढाथोकीले यस पाली मुल घर सर्लाही नजाने बताउनुभयो । बाढीपहिरोका कारण बाटो राम्रो नभएकाले आफू घर नजाने उहाँले बताउनुभयो । "काठमाडौंमा जे जति परिवारका सदस्य छन्, सबै मिलेर यतै दसैं मनाउने सोचमा छौं", उहाँले भन्नुभयो, "किनमेल पनि भर्खरै सुरु हुँदैछ ।" उहाँले जाडोको लुगा भने दशैंको पर्व छोपेर खरिद गर्ने गरेको बताउनुभयो । पर्वमा भारी छुट पाउने हुँदा उहाँलाई आवश्यक सामग्री किन मनपर्ने सुनाउनुभयो।

काभ्रेपलाञ्चोककी रोशनी तामाङले यो दसैंमा किनमेलमा खासै जोड नदिएको बताउनुभयो। ठमेल कालापत्थरमा जाडोमा लगाउने ज्याकेट खरिद गर्न आउनुभएकी उहाँले सामान्य खर्चमा दसैं टार्ने योजना रहेको सुनाउनुभयो। गाँउ बाढीका कारण तहसनहस भएपछि उहाँलाई यसपालीको दसैं मनाउने जाँगर चलेको छैन । दसैं पनि काठमाडौंमै मनाउने योजना रहेको सुनाउनुभयो । "आफन्ती सबै दुःखमा छन्, दसैं मनाउनु कसरी ?", उहाँले भन्नुभयो । भृकुटीमण्डका व्यापारी जीवन राईले विगतको तुलनामा व्यापार आधा घटेको बताउनुभयो । कोभिडको बेलामा जुन खाले आर्थिक मर्का परेको थियो त्यस्तै, असर बजारमा फेरि देखा परेको उहाँको अनुभव छ । "मान्छेहरुको चहलपहल त छ, तर व्यापार सोचे जस्तो छैन", उहाँले भन्नुभयो ।रासस

# विश्व बैंकको सहयोगमा तनहुँका दुई सडक स्तरोन्नति

दमौली। विश्व बैंकको सहयोगमा तनहुँका दुई सडक स्तरोन्नति गर्ने कामले गति लिएको छ। जिल्लाको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा लीलाचोक र व्यास नगरपालिकास्थित पराशर मार्ग स्तरोन्नतिको कामलाई तीव्रता दिइएको हो।

शुक्लागण्डकी-४ दुलेगौडाबाट लिलाचोकसम्मको खण्डमा धमाधम स्तरोन्नति भइरहेको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो। उहाँले तोकिएको समयभित्र गुणस्तरीय काम सम्पन्न गराउन पालिकाले निरन्तर अनुगमन गरिरहेको बताउनुभयो। नगरप्रमुख पण्डितले भन्नुभयो, "नगरपालिकाको सबै ठूलो आयोजनाको काम सम्पन्न गर्न अनुगमनसँगै खबरदारी गरिरहेका छौं। यो खण्ड कालोपत्रपछि यहाँका जनतालाई आवतजावतमा सहयोग पुग्नेछ।"

यो सडक कालोपत्रका लागि निर्माण कम्पनीसँग नगरपालिकाले विसं २०८० चैत २५ गते सम्झौता गरेको थियो। विश्व बैंकको सहयोग र सरकारको अनुदानमा सञ्चालित सहरी शासन र पूर्वाधार परियोजना (एनयुजिआइपी)अन्तर्गत उक्त मोटरमार्ग सात दशमलव एक किलोमिटर दूरी कालोपत्र गर्न थालिएको नगरपालिकाका इञ्जिनियर तारापति भट्टराईले जानकारी दिनुभयो। उक्त ठेक्काको रकम रु २७ करोड ३४ लाख ७९ हजार आठ सय ३४ रहेको छ।

उहाँले भन्नुभयो, "१५ महिनाभित्र काम सम्पन्न गर्नेगरी सम्झौता भएर काम अगाडि बढेको छ। नगरपालिकाले यो सडकलाई नगर गौरवको आयोजनाका रूपमा छनोट गरेको थियो।" भट्टराईका अनुसार शुक्लागण्डकी-४ दुलेगौडाबाट सुरु हुने कालोपत्रले शुक्लागण्डकी-८, ९ र १२ वडालाई जोड्छ। "उक्त खण्डमा अस्फाल्ट प्रविधिबाट कालोपत्र हुनेछ", उहाँले भन्नुभयो, "उकालो र गाह्रो केही ठाउँमा आरसिसी ढलान हुनेछ भने अन्य ठाउँमा नालासहितको कालोपत्र हुनेछ।"

दुलेगौडास्थित बिपीचोक, हेल्थपोष्टचोक, पुल्चोक, घारी, तालबेंसी, मालेबगर हुँदै लीलाचोकसम्म कालोपत्र हुनेछ। सडकको चौडाइ दश मिटरको रहनेछ। यहाँ पाँच दशमलव पाँच मिटर कालोपत्र, कालोपत्रको दुवै छेउमा एक-एक मिटरको नाला निर्माण हुनेछ।शुक्लागण्डकी-४ दुलेगौडाबाट शुक्लागण्डकी-१२ लामागाउँ मोटरमार्ग १४ किलोमिटर छ। सडक कच्ची हुँदा हिउँदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुँदा सर्वसाधारणलाई आवतजावतमा समस्या हुँदै आएको छ।

यसैगरी विश्व बैंकको सहयोगमा व्यास नगरपालिकाका चार वडा जोड्ने सडक स्तरोन्नतिलाई तीव्र पारिएको छ।रासस

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । केन्द्रीय बैंकका अनुसार विदेशी मुद्राको विनिमय दर आइतबार स्थिर छ। राष्ट्र बैंकले आइतबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ छ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६६ पैसा निर्धारण गरेको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४७ रुपैयाँ ८९ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ ५६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७६ रुपैयाँ ५५ पैसा र बिक्रीदर एक सय ७७ रुपैयाँ ३४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ ४७ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ १७ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७२ पैसा र बिक्रीदर ९२ रुपैयाँ १३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ९१ पैसा र बिक्रीदर ९९ रुपैयाँ ३५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ३१ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ७७ पैसा निर्धारण गरिएको छ।जापानी येन १० को खरिददर ९ रुपैयाँ १५ पैसा र बिक्रीदर ९ रुपैयाँ १९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७० पैसा र बिक्रीदर ३५ रुपैयाँ ८६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९४ पैसा तोकिएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर ४ रुपैयाँ ०५ पैसा र बिक्रीदर ४ रुपैयाँ ०७ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ७७ पैसा र बिक्रीदर ३१ रुपैयाँ ९१ पैसा कायम छ । साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ ०१ पैसा र बिक्रीदर १० रुपैयाँ ०५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ०४ पैसा र बिक्रीदर १० रुपैयाँ ०८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८३ पैसा र बिक्रीदर १९ रुपैयाँ ९२ पैसा निर्धारण गरिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ १२ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ०८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ४८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ०७ पैसा तोकेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन बढ्यो



गण्डकी । पदयात्राका लागि प्रख्यात अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटक आगमन बढेको छ। बितेका तीन महिनामा ३४ हजार छ सय ५१ विदेशी पर्यटक उक्त क्षेत्रमा भित्रिएका छन् ।

गत जुलाईमा पाँच हजार दुई सय ४९ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा सेप्टेम्बरमा बढेर पर्यटकको सङ्ख्या २३ हजार ८८ पुगेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ । अगष्टमा त्यस क्षेत्रमा पुग्ने विदेशी पर्यटकको सङ्ख्या छ हजार तीन सय १४ थियो ।

आयोजना प्रमुख डा रविन कडरियाका अनुसार यो यामको सेप्टेम्बर र अक्टोबरमा सबैभन्दा बढी पर्यटक उक्त क्षेत्रको भ्रमणमा आउने गरेका छन् । सेप्टेम्बरमा घुमफिरका लागि आएका विदेशी पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ८२ र अन्य देशका ११ हजार चार सय छ जना छन् । अगष्टमा सार्क क्षेत्रका तीन हजार तीन सय ८३ र अन्य मुलुकका दुई हजार नौ सय ३१ पर्यटकले एक्यापको भ्रमण गरेका थिए। जुलाईमा सार्क क्षेत्रका तीन हजार तीन सय ५० र अन्य मुलुकका एक हजार आठ सय ९३ जनाले भ्रमण गरेका थिए ।

एक्यापभित्र पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, सिक्लेस, खुमैडाँडा, मनाङको तिलिचो ताल, थोरङभञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

आन्तरिक पर्यटक पनि यही याममा बढी आउने गरेका छन् । गत आर्थिक वर्षमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिएभने तिनमा एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ जना थिए ।रासस

# एक वर्षसम्म पनि अरुण तेस्रो प्रवेशमार्गका पीडितको रकम आएन



किमाथाङ्का । संखुवासभामा निर्माणाधीन नौ सय मेगावटको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेशमार्गका पीडितको रु ५३ करोड एक वर्ष पुग्दा पनि धरौटी खातामा जम्मा हुन सकेको छैन ।

विसं २०८० कात्तिक १६ मन्त्रिपरिषद् बैठकले अरुण तेस्रो प्रवेशमार्गको छुट जग्गाको मुआब्जाबापतको रु ५३ करोड विकासकर्ता कम्पनी सतलज जलविद्युत् निगम (एसएपिडीसी)मार्फत जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गर्ने निर्णय गरेको थियो ।

उक्त रकम जिल्ला प्रशासन कार्यालयले हालसम्म जम्मा गरेको छैन । खाँदबारी नगरपालिका-४ छ्याङ्कुटीबाट चिचिला गाउँपालिका-२, दिदिङ सडक खण्डको (२४.५ किलोमिटर) छुट मुआब्जाको माग गर्दै पीडितले पटकपटक आन्दोलन गर्दै आएका छन् ।लगानी बार्डले गत कात्तिक २१ गते जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै विकासकर्ता अरुण तेस्रो निर्माणको जिम्मा पाएको एसएपिडीसीमार्फत धरौटी खातामा राख्न निर्देशन दिएको थियो । उक्त रकमबापतको रु ५३ करोडको बैंक ग्यारेन्टेड चेक जिल्ला प्रशासन कार्यालयले एक वर्षसम्म धरौटी खातामा जिम्मा नगरेको अरुण तेस्रो प्रवेशमार्ग केन्द्रीय सङ्घर्ष समितिका संयोजक जनीकुमार राईले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयले बैंक ग्यारेन्टेड चेक एक वर्षसम्म धरौटी खातामा जम्मा नगरी रकम जम्मा भएको भनेर झुक्याउँदै आएको उहाँले बताउनुभयो । अरुण तेस्रो प्रवेशमार्ग पीडितले रकम नपाएको भन्दै सर्वोच्च अदालतको आदेशका कारण आन्दोलन गर्न समेत नपाएको उहाँले बताउनुभयो । रु ५३ करोड रकम पछि सङ्घीय सरकारबाट शोधभर्ना हुनेगरी एसएपिडीसीले सरकारलाई दिन सहमत भएको थियो । सरकारले गरेको निर्णय कार्यान्वयन नहुँदा पीडित झन् पीडित भएका सङ्घर्ष समिति संयोजक राईले उल्लेख गर्नुभयो ।विसं २०८० वैशाख २६ गते छ्याङकुटी-दिदिङ सडकको छुट मुआब्जा सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक रहेको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो ।

हाल आयोजनाको करिब ७५ प्रतिशत काम सकिएको छ । गत जेठ २२ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुख्य सुरुङको 'ब्रेक थ्रु'समेत गरिसक्नुभएको छ । प्रवेशमार्गका पीडितले अहिलेसम्म मुआब्जाबापतको रकम पाउन नसकेको गुनासो गरेका छन् । मन्त्रिपरिषदको गत कात्तिक १६ गते बसेको बैठकले एक महिनाभित्र अर्थात् मङ्सिर १८ देखि मुआब्जा रकम वितरण सुरु गर्ने निर्णय गरेको भए पनि एक वर्षसम्ममा छुट मुआब्जाबापतको रकम वितरण सुरु हुन नसकेको सङ्घर्ष समिति संयोजक राईले बताउनुभयो ।

उक्त आयोजनाको काम भारतीय सतलज कम्पनी (एसजेबिएन)ले गरिरहेको छ । फ्याक्सिन्दाबाट पुखुवा निस्कने मुख्य सुरुङको लम्बाइ ११.८४ किलोमिटर सम्पन्न भइसकेको आयोजना कार्यालयले जनाएको छ । पिडिएअनुसार यस परियोजनाबाट रु एक सय ६० करोड स्थानीयलाई शेयर दिइने छ ।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### छुट जग्गादर्ता अप्रमाणित जग्गा सम्बनधी हकदाबीको ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस अकोलवा वडा न. १ हाल राजपुर नगरपालिका वडा न. ७ मा बस्ने शेख कुवनिको नाती शे भोजुको जाजुलको नाउँमा दर्ता कायम रहेको तपसिल अनुसारको जग्गाहरु मोठ भिडान हुदाँ तिनसुस्ते रहेको तथा उक्त जग्गाहरु अप्रमाणित रहेको भनि मोठ फाँट लेखि आएकोमा यस कार्यालयको मिति २०८१।०६।१५ को आदेशानुसार हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित तपसिलको जग्गा हक तीनपुस्ते भित्र नाता पर्ने तथा अन्य अन्सियार भए वा असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको ३५ दिने भित्र स प्रमाण सहित आफु वा रीतपूर्वकको वारेश मार्फत यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला। अन्य वा माग दाबी अनुसार तपसिलको जग्गा निवेदनको नामदर्ता भई जानेछ पछि उजुरीबाजि लाग्ने छैन ।

| जिल्ला | साविक गाविस | वार्ड न. | कि.न. | ज.वि. | दार्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | राजपुर फ. | ७ख | ५८ | ०-१-३-८ | नाम : जाजुल<br>ठेगाना : अकोलवा १<br>बाबुको नाम : शे.भोजु<br>बाजेको नाम : शे. कुर्वान |
| रौतहट | राजपुर फ. | ७ख | ६६ | ०-१-११ | |
| रौतहट | राजपुर फ. | ७ख | ५९ | ०-३-७ | |
| रौतहट | राजपुर फ. | ७ख | ६५ | ०-१-४-८ | |
| रौतहट | राजपुर फ. | ७ख | ६८ | ०-१-१० | |

# आकासियो तरकारीको मूल्य



**टुडे समाचारदाता**

जनकपुरधाम । बाढीपहिरो र डुबान तथा चाडपर्वका बीचमा एक्कासी तरकारीको मूल्य आकासिएको छ । दशैंको पूर्वसन्ध्याबाटआकासिएकोतरकारीको मूल्य अझै उकालो लाग्नाले चाडपर्वका बीचमा उपभोक्ता मारमा परेका छन् ।

जनकपुरधामलगायतका जिल्लाका बजारमा अहिले फुलकोबी १ सय ८० रुपैयाँ, गोलभेडा १ सय ६० रुपैयाँ, प्याज १ सय १० रुपैयाँ, भान्टा १ सय रुपैयाँ किलोका दरले बिक्री भइरहेको छ। त्यस्तै करेला १ सय २०, रायो साग सय ३०, भिन्डी १ सय, परबल १ सयभन्दा बढी र लसुन ४ सय रुपैयाँ किलोका दरले विक्री भइरहेको छ ।

त्यस्तै आलु ६० रुपैयाँ, फर्सी ८० रुपैयाँसम्म र घिरौला प्रतिकिलो ८० रुपैयाँका दरले विक्री भइरहेको व्यवसायीहरुले बताएका छन् ।

'तरकारीको मूल्य आकासिएसँगै विक्रेताले एक किलोको नभइ एक पाउको मूल्य खरिदकर्तालाई तरकारी व्यापारीले बताउने गरेका छन् । जिल्लामा सिमावर्ती भारतीय बजारका अतिरिक्त बेंगाडाबर, ढल्केवर, मिर्चैया, हेटौंडा, गोबजार, सुनसरी र धनकुटालगायत, भारतको सीमावर्ती क्षेत्र उमगाव, मधुवनी, जयनगरलगायतका स्थानबाट हरियो तरकारीहरु ल्याइने गरेको छ।

सोही तरकारीले उपभोक्ताको माग धान्ने गरेको छ । तरकारी ल्याउने बजारमै महँगो पाइने र ढुवानी खर्च महँगिएकाले बजारमा तरकारीको मूल्य आकासिएको व्यापारीहरु बताउँछन् ।

# उपनिर्वाचनको तयारीमा जुट्न नेता कार्यकर्तालाई अध्यक्ष नेपालको निर्देशन

**एकीकृत समाजवादी मधेश प्रदेशको पदाधिकारीस्तरीय केन्द्रीय सदस्यहरुको बैठकमा बोल्दै अध्यक्ष नेपालले बाढी र पहिरोले घरबारविहीन बनेका नागरिकलाई तत्काल राहत र पुन:स्थापनाको काम गम्भीरतापूर्वक हुनसमेत सरकारसंग आग्रह गरे ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बाढीडुबान र पहिरोका कारण नागरिक पीडामा रहेकाले तत्काल उद्धार तथा राहत वितरणमा ध्यान दिनुपर्नेमा जोड दिएका छन् ।

धनुषाको लालगढमा पार्टी बैठकमा सहभागी हुन आएका पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले केपी ओली नेतृत्वको सरकारले जनताको समस्यालाई केन्द्रबिन्दुमा राखेर काम गर्न आग्रह गरे ।

एकीकृत समाजवादी मधेश प्रदेशको पदाधिकारीस्तरीय केन्द्रीय सदस्यहरुको बैठकमा बोल्दै अध्यक्ष नेपालले बाढी र पहिरोले घरबारविहीन बनेका नागरिकलाई तत्काल राहत र पुनःस्थापनाको काम गम्भीरतापूर्वक हुनसमेत सरकारसंग आग्रह गरे।

उनले भने, "अविरल वर्षा र बाढीका कारण देशवासी आक्रान्त छन् । सरकारले प्राथमिकताका आधारमा विशेष योजना बनाएर राहत वितरण र पुनःस्थापनामा लाग्नुपर्छ ।"

उनले बाढीपहिरो जस्ता विपद्‌बाट जनधनको सुरक्षा गर्न पूर्वतयारी कम हुँदा धेरै क्षति भएको बताए ।

उनले भने, "कुनै ठाउँमा पहिरो जान सक्ने कुनै ठाउँमा भुस्खलन हुनसक्ने, कुनै ठाउँमा तटबन्ध अझै तोड्न सक्ने सम्भावना भएकाले यस्ता जोखिम न्यूनीकरण गर्न सरोकार भएका सबै सचेत हुनु जरुरी छ ।"

मधेश प्रदेशको तीन ठाउँमा उपनिर्वाचन हुन लागेका बताउँदै अध्यक्ष नेपालले पार्टीका जिल्लाजिल्लामा पनि अधिवेशन गरेर केन्द्रीय अधिवेशनको तयारी भइरहेको बताए । अध्यक्ष नेपालले उपनिर्वाचनको तयारीमा जुट्न नेता कार्यकर्तालाई निर्देशन दिए।

सो बैठकबाट आउँदो पुस ६ र ७ गते प्रथम मधेश प्रदेशको अधिवेशन जनकपुरधाममा आयोजना गर्ने निर्णय समेत गरिएको जनाइएको छ।

नेकपा एसका मधेश प्रदेश अध्यक्ष रामचन्द्र यादवको अध्यक्षतामा भएको सो बैठकमा मधेशी उपाध्यक्ष धर्मनाथ प्रसाद साह, महासचिव घनश्याम भुषाल र उपमहासचिव रामकुमार भट्टराई, एस मधेश प्रदेशका पदाधिकारीहरु, मधेश प्रदेश भूगोल रहेका पार्टीको पोलिटब्युरो सदस्य तथा केन्द्रीय सदस्यहरूको संयुक्त बैठकमा उपस्थिति रहेको थियो ।

# यमुनामाई गाउँपालिकामा अनिश्चितकालीन तालाबन्दी



**टुडे समाचारदाता**

रौतहट । रौतहटको यमुनामाई गाउँपालिकामा अनिश्चितकालीन तालाबन्दी गरिएको छ।

वडा कार्यालय साबिक गाविस भवनमा सार्नुपर्ने माग गर्दै नेपाली कांग्रेस यमुनामाई गाउँ कार्य समितिले यमुनामाई गाउँपालिकामा अनिश्चितकालीन तालाबन्दी गरेको छ।

जिल्लाको यमुनामाई गाउँपालिका- ४ स्थित सरुअठाका अध्यक्ष अश्वनीकुमार यादव (चेतन यादव)ले आफ्नै घरगोठबाट विगत ७ वर्षदेखि वडा कार्यालय सञ्चालन गरिरहदाँ सेवाग्राही जनताहरू भोग्दै आएको समस्यालाई वडा कार्यालय पायक स्थानमा सार्नु पर्ने माग गर्दै यमुनामाई गाउँपालिकाको कार्यालयमा आइतबार तालाबन्दी गरेका छन् ।

वडाअध्यक्ष यादवले आफ्नो दोस्रो कार्यकालको लागि निर्वाचित भएको तत्पश्चात् प्रमुख जिल्ला अधिकारीलाई गुहारे पनि न्याय पाइएनन् बाध्य भएर रिले अनसन गरेको ११ औं दिनमा आइतबार गाउँपालिकाको कार्यालयमा तालाबन्दी लगाउनु परेको गाउँपालिका कमिटी अध्यक्ष सिताराम यादवले बताए।

कांग्रेसका गाउँपालिका अध्यक्ष प्रत्याशी श्रीराम राय यादवले सेवाग्राहीहरू विभिन्न कार्यको लागि सिफारिस गराउन जाँदा वडाअध्यक्ष यादवको धाकधम्की र राम्रो व्यवहार नगर्दा साबिक गाविसको कार्यालयमा वडा कार्यालय सार्नुपर्ने अडान लिएर २४ घण्टे रिले अनसन गर्दा पनि कुनै सुनवाइ नगर्दा आजदेखि बाध्यात्मक रूपमा गाउँपालिकाको मुख्य गेटमै ताला लगाएर कामकाज अवरुद्ध बनाइएको बताए।

# नक्कली नोटसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटबाट नक्कली नोटसहित दुई जनालाई पक्राउ परेका छन् ।

एक हजार दरका ४७ थान नेपाली नक्कली नोटसहित पक्राउ पर्नेहरुमा रौतहटको गढीमाई नगरपालिका-५ का ३६ वर्षीय रामकिशोर पटेल र ४० वर्षीय सन्तोष उपाध्याय रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

आरोपित दुवै जना बिआर ५५ जे ८२९३ नम्बरको मोटरसाइकलले चपुरबाट गौरतर्फ जाँदै गर्दा इलाका प्रहरी कार्यालय डुमरियाबाट खटिएको प्रहरीले चेकजाँच गरेको थियो । चेकजाँचको गर्ने क्रममा उनीहरुको साथबाट एक हजार दरका ४७ थान नेपाली नक्कली नोट बरामद गरिएको रौतहट प्रहरीले जनाएको छ ।

सो घटनाबारेमा थप अनुसन्धान भइरहेको उनले बताए।

# छिन्नमस्तामा ३० लाखभन्दा बढी श्रद्धालु आउने अपेक्षा



**टुडे समाचारदाता**

राजविराज । प्रसिद्ध शक्तिपीठमध्येका छिन्नमस्ता देवी मन्दिरमा विगत वर्ष झैं यस वर्ष पनि ३० लाख श्रद्धालु आउने अनुमानसहित सम्पूर्ण तयारी पूरा भएको छ।

यस पटक ३० लाख श्रद्धालु भक्तजन आउने अनुमान गरिएको र सोही अनुसार आवश्यक तयारी पूरा भएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए।

गत वर्ष झण्डै २५ लाख हाराहारीमा श्रद्धालु पुजाआजा तथा दर्शनका लागि छिन्नमस्ता भगवती मन्दिर आएको अध्यक्ष चौधरीले बताए। लाखौंको संख्यामा आउने भक्तजनका लागि खानेपानी, शौचालय, रात बिताउनका लागि उपयुक्त वासस्थल, स्वास्थ्य शिविर, २४ औं घण्टा विद्युत सेवा, भीड व्यवस्थापन, पार्किंग, मन्दिर आसपासका पसलको नियमित अनुगमन, सहज दर्शन र पूजापाठ तथा सुरक्षालगायतको तयारी गरिएको अध्यक्ष चौधरीले बताए।

अन्य दिन पनि यहाँ ठुलो संख्यामा भक्तजनहरु आउने गरे पनि दशैका बेला फुलपाती देखि टिकासम्म दैनिक लाखौंको संख्यामा भक्तजनहरु आउने गरेका छन्।

# चुल्होसहितको ग्यास सिलिन्डर वितरण




**टुडे समाचारदाता**

रौतहट। रौतहटको परोहा नगरपालिकाले लक्षित महिला वातावरण धुवाँमुक्त अभियान अन्तर्गत ग्यास चुल्होसहित ग्यास सिलिन्डर वितरण गरेको छ।

आठौं नगरसभाबाट पारित नीति तथा कार्यक्रम अन्तर्गत प्रत्येक घरपरिवारलाई ग्यास चुल्हो सेट वितरण गर्ने योजना अनुसार चुल्होसहितको सिलिन्डर वितरण गरेको छ । जिल्लाको परोहा नगरपालिका- २ स्थित जिगडवामा एक कार्यक्रमबीच नगरप्रमुख शेख वकिलले चुल्होसहितको सिलिन्डर वितरण गरेका छन्।

दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा आत्मनिर्भर ग्रामिण क्षेत्रका घरपरिवारसम्म एलपिजी ग्यासले धुवाँरहित छिटोछरितो र सरसफाईसमेतको ख्याल हुने गरेकाले खाना पकाउने इन्धनको पहुँच वितरण गरिएको मेयर वकिलले बताए। ग्यास सिलिन्डिर वितरण आर्थिक रुपमा विपन्न परिवार लाभान्वित हुने विश्वास व्यक्त गर्दै माटोको चुल्हो र दाउराले खाना पकाउने खासगरी महिला दिदी-बहिनीहरुको स्वास्थमा हुने हानिकारक रोक्न ग्यास चुल्होबाट सहयोग हुने, समयको बचत हुने, महिलाको आत्मसम्मान बढ्ने र विभिन्न स्वास्थ्य समस्याबाट बचाउने हुनाले आफूले आवश्यक ठानेर सो वितरण अभियान सञ्चालनमा ल्याएको मेयर वकिलको भनाइ छ।

सो पालिकाले दिएको ग्यास सिलिन्डिर लिँदै स्थानीयले यहाँका स्थानीय वर्षौदेखि दाउरा र रुखको पात उपयोग गर्दै खाना र खाजा बनाउन विवश थिए। जसका धुवाँ- धुलोले गर्दा विभिन्न रोगबाट ग्रसित भई पीडित छन्।

स्थानीले भने महिला दिदी बहिनीको स्वास्थ्य रक्षाको लागि, समय बचतको लागि साथै आ-आफ्नो जीवन रुपान्तरण गर्न ग्यास चुल्हो वितरण कार्यले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै मेयर शेख वकिल र नगरपालिका परिवार प्रति आभार व्यक्त गरेका छन्। त्यस्तै उपमेयर सुगान्धी देवीले पालिकाको स्थानीयलाई ग्यास चुल्हो वितरण भए पछि महिलालाई घरपरिवार सम्हाल्नमा सहयोग पुगेको बताइन्।

८ सय परिवारलाई ग्यास सिलिन्डर, चुल्हो, रेगुलेटर, पाइप र ग्यास लाइटर दिइएको निमित प्रमुख प्रशासकीय अधिकृत मोहमद महफुज आलमले जानकारी दिए।

# बाढी पीडितलाई राहत वितरण

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको धनकौल गाँउपालिकाका बाढी पीडितलाई राहत सामग्री वितरण गरेको छ। जिल्लाको धनकौलमा एक कार्यक्रम आयोजना गरी १ सय ५० घर परिवारलाई राहत वितरण गरिएको छ।



प्लान इन्टरनेशनल नेपाल र समाजिक विकास र अनुसन्धान केन्द्र जनकपुरले संयुक्त रुपमा १५० घरपरिवारलाई राहत बितरण गरेको छ।

धनकौल गाउँपालिकाका वडा नम्बर ३ र ४ का र बाढी प्रभावितप्रति परिवारलाई एक/एक थान कम्बल, त्रिपाल र झुल वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णमोहन प्रसाद साहले जानकारी दिए।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारी र गाउँपालिका अध्यक्ष रामआश्रय साहले राहत वितरण गरी राहत वितरणको गरिएको छ।

# अस्पताललाई प्रजनन् स्वास्थ्य सामग्री



**टुडे समाचारदाता**

राजविराज। राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताललाई गर्भवती तथा सुत्केरी महिलाको उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले ६ हजार अमेरिकी डलर मूल्य बराबरको प्रजनन् स्वास्थ्य सामग्री उपलब्ध गराइएको छ।

राजविराजमा आइतबार सो अस्पताल प्रांगणमा एक कार्यक्रमबीच युएनएफपीएको सहयोगमा प्राप्त सो सामग्री नेपाल रेडक्रस सोसाइटी केन्द्र र जिल्ला शाखाको समन्वयमा उपलब्ध गराइएको छ । नेपाली मूल्य ८ लाख ५० हजार रुपैयाँ पर्ने सो सामग्री कार्यक्रमका सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवले अस्पतालका निमित्त मेडिकल सुप्रिटेण्डेन्ट डा. दिलीप कुमार साहलाई हस्तान्तरण गरेका थिए।

सो उपलब्ध गराइएका प्रजनन स्वास्थ्य सामग्रीमा ४३ कार्टुन आइएच किट, शल्यक्रियामा प्रयोग गरिने उपकरण तथा औषधिलगायतका उपचार सामग्री रहेको नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका कार्यक्रम संयोजक नगेन्द्र अर्यालले जानकारी दिए।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिका प्रभा न्यौपाने, करुणा विष्ट, रेडक्रस सप्तरी शाखाका अध्यक्ष जोगेन्द्र भगत, रेडक्रस राजविराज उपशाखाका अध्यक्ष वैद्यनाथ झाका साथै अस्पतालका कर्मचारी र स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८